
# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८०/८१ — २०८२/८३)

## Medium-Term Expenditure Framework

(Fiscal Year 2023/24 – 2025/26)




## गल्छी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी , धादिङ , बागमती प्रदेश, नेपाल

२०८०

**मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ — २०८२/८३)**

प्रकाशक : गल्छी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बैरेनी , धादिङ

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०८०
प्राविधिक सहयोग : गभर्नेन्स डेभलपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि.

सम्पर्कका लागि : गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी , धादिङ , बागमती प्रदेश, नेपाल
फोन नं. : ९८५६०४१४५१
ईमेल : info@galchhimun.gov.np

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी धादिङ ।

---

**मन्तब्य**



अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै गल्छी गाउँपालिकाले आफ्नै पहलमा यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अवशर जुटेकोमा हामीलाई खुशी लागेको छ ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यस गाउँपालिकाले हालसम्म आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुँदा उक्त योजना, गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, र यस दस्तावेजले गाउँपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु तथा गाउँपालिका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.... ..... ..... ..... ..... ..... .....

केदारनाथ खतिवडा

अध्यक्ष

# गल्छी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बैरेनी धादिङ ।**

---

**मन्तब्य**



सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी ब्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त ब्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही अनुरुप गल्छी गाउँपालिकाले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ । मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु ।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ ।

अन्त्यमा, यो गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागिपर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.... ..... ..... ..... ..... ..... .....

भाईकाजी तिवारी

उपाध्यक्ष

# गल्छी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बैरेनी धादिङ ।**

---

### दुई शव्द



गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक गल्छी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पु¥याउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ। यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्तमा, गल्छी गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि प्राविधिक सहयोग प्रदान गर्ने संस्था गभर्नेन्स डेभलपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि. एवम् संलग्न विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.... ..... ..... ..... ..... ..... .....

लक्ष्मण कुईकेल

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**परिच्छेद १ : परिचय ....... १**
१.१ पृष्ठभूमि ....... १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ....... १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ....... १
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु....... २
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ....... २
**परिच्छेद २ : मध्यमकालीन खर्च संरचना....... ६**
२.१ पृष्ठभूमि ....... ६
२.२ चूनौति तथा अवसर....... ६
२.३ सोच, उद्देश्य तथा रणनीति....... ७
२.४ मध्यमकालीन आर्थिक खाका....... ८
२.५ मध्यमकालीन नतिजा खाका....... ८
२.६ मध्यमकालीन बजेट खाका ....... ९
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट....... ११
२.८ विषय उपक्षेत्रगत बाँडफाँट ....... १३
**परिच्छेद ३ : आर्थिक विकास क्षेत्र ....... १४**
३.१ कृषि तथा खाद्य सुरक्षा....... १४
३.१.१ पृष्ठभूमि ....... १४
३.१.२ समस्या तथा चूनौति....... १४
३.१.३ सोच ....... १४
३.१.४ उद्देश्य ....... १४
३.१.५ रणनीति ....... १४
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....... १५
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....... १५
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... १५
३.१.९ जोखिम पक्ष तथा अनुमान....... १५
३.२ पशु विकास ....... १६
३.३ उद्योग तथा व्यापार....... १७
३.४ पर्यटन विकास ....... १९
३.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी....... २०
३.६ श्रम, रोजगारी तथा गरिवी निवारण ....... २२
**परिच्छेद ४ : सामाजिक विकास क्षेत्र....... २४**
४.१ शिक्षा, विज्ञान तथा प्रविधि ....... २४
४.२ स्वास्थ्य तथा पोषण ....... २६
४.३ खानेपानी तथा सरसरफाई ....... २८
४.४ महिला, बालबालिका तथा लक्षित वर्ग....... ३०
४.५ युवा तथा खेलकुद....... ३२
४.६ सामाजिक सुरक्षा र पञ्जीकरण....... ३४
**परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र ....... ३६**
५.१ आवास, भवन तथा शहरी विकास ....... ३६
५.२ सडक, पुल तथा यातायात ....... ३८
५.३ जलस्रोत, विद्युत तथा उर्जा ....... ३९
५.४ सूचना तथा सञ्चार....... ४१
**परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ....... ४३**
६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण....... ४३

६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ४४
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ४६
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ४९**
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ४९
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ५०
७.३ राजस्व तथा स्रोत परिचालन ........ ५२
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ५३
अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ........ ५५
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ........ ५७
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण ........ ६३
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा कार्यक्रमका तस्वीरहरु ........ ६५

**तालिका सूची**

तालिका २.**1** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य **(**प्रचलित मूल्यमा**)** ........ ८
तालिका २.2 प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ........ ८
तालिका **२.3** : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ........ १०
तालिका **२.4** : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ........ ११
तालिका **२.5** : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ ११
तालिका २.6 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १२
तालिका **२.7** : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १२
तालिका **२.8** : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ........ १२
तालिका **२.9** : आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा) ........ १३

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारको नीति कार्यक्रम, दीर्घकालीन एवम् अल्पकालीन योजनाहरु, रणनीतिक योजनाहरु समेतले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मद्यत गर्दछ । यसले विभिन्न स्रोतहरुको व्यवस्थापन र आशातित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।
प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।
नेपाल सरकारले तर्जुमा गरेका विभिन्न कानूनहरु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावलीले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा गाउँकार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा गल्छी गाउँपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति कार्यक्रम तथा गाउँपालिकामा उपलब्ध अन्य सूचनालाई आधार मानि आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना (२०८०/८१–२०८२/८३) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा सरकारसँग उपलब्ध सीमित स्रोत–साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएका हुन्छन् ।

दिर्घकालीन योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजनाको लक्ष्य उद्देश्यको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन वित्त खाका (Medium Term Fiscal Framework (MTFF) निर्धारण गरिन्छ । साथै स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रुपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework (MTBF) तयार गरिन्छ । त्यसैगरी बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework (MTRF) तयार गरिन्छ ।
मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एकवर्षको बजेट प्रक्षेपण गरिएको हुन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

गल्छी गाउँपालिकाको पहिलो प्रयासको रुपमा प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको लागि प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

क) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्ने,

ख) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउने,

ग) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने, र

घ) गाउँपालिकाबाट गरिने सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयवस्तुलाई प्रमुख आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७–२०८१/८२)
- बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७–२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- गल्छी गाउँपालिकाको प्रथम आवधिक योजना
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- स्थिति पत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

गल्छी गाउँपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ । यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको चरण तथा प्रक्रियाको अबलम्बन गरिएको छ :

### प्रक्रिया १ : प्राविधिक सहयोगका लागि टोली परिचालन

गल्छी गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य नितान्त नौलो र प्राविधिक विषय भएको हुँदा गाउँपालिकाले परामर्शदाताको रुपमा वाह्य विज्ञहरु परिचालन गरेको छ । तसर्थ प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा परिचालन भएका विज्ञ परामर्शदाताको महत्वपूर्ण भूमिका रहेको छ । मध्यमकालीन खर्च संरचना तयारी कार्यमा विज्ञ परामर्शदाताबाट गाउँपालिकाको कार्यालयमै बसेर गाउँकार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीलाई अभिमुखीकरण गर्ने, कार्यदल निर्माण गर्ने, गत विगत वर्षको आधारमा आगामी तीन आर्थिक वर्षको स्रोत र खर्चको अनुमान तथा प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण तथा विषयगत शाखा तथा समितिसँग राय परामर्श गरी विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने र बजेट तथा

कार्यक्रम तर्जुमा समितिको नेतृत्वमा मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गरिएको छ।

**प्रक्रिया २ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदन तथा सिफारिशहरु
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवम् गाउँपालिकाको राजस्व सम्बन्धी कानून र आर्थिक ऐनहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना
- बागमती  प्रदेशको प्रथम आवधिक योजना
- गल्छी गाउँपालिकाको प्रथम आवधिक योजना
- गल्छी गाउँपालिकाको नीति कार्यक्रम, कानून तथा प्रतिवेदन आदि।

**प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, सूचना प्रविधि शाखा प्रमुख लगाएतको सहभागितामा छलफल तथा सहमति गरियो। छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, छलफलमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरी सोही बमोजिम यो दस्तावेज तयार गरिएको छ।

**प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत जिम्मेवारी सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुभाइ तयार गर्ने उद्देश्यले गाउँपालिकामा एक दिवसीय अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरिएको थियो। सो कार्यशालामा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो। सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन समेत गरिएको छ। कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ।

**प्रक्रिया ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना, प्रथम आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा ईकाइसँग परामर्श तथा छलफल गरिएको छ । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालवसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरिएको छ । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी एवम् हरेक आयोजना तथा उपक्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

### प्रक्रिया ६ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण

राजश्व बाँडफाँड, अन्तर–सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरिएको छ। विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिकाका रुपान्तरणकारी आयोजना, चालु तथा बहुवर्षीय आयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरी सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराएको थियो।

### प्रक्रिया ७ : विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरिएको थियो। यी छलफल तथा वैठकहरुमा विषयगत शाखा तथा एकाइका कर्मचारीहरुको सहभागिता रहेको र छलफलबाट प्रत्येक उपक्षेत्रमा आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने एवम् आयोजना/कार्यक्रम तथा उपक्षेत्रको दिगो विकास लक्ष्य, लैंङ्गिक तथा जलवायु संकेतका आधारमा साँकेतीकरण गर्ने कार्य गरिएको थियो।

### प्रक्रिया ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा तथा एकाइलाई विज्ञ परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरिएको थियो । यसरी तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषय क्षेत्रगत रुपमा योजना तर्जुमा कार्यशालाको आयोजना गरी कार्यशालाको निष्कर्षको रुपमा एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो । यस कार्यशालामा विषयगत शाखा प्रमुख तथा विषयगत समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

### प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

निर्धारित ढाँचामा तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा छलफल गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरिएको थियो। यस कार्यमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले आवश्यक समन्वय गरेको थियो। मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) एवम् राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रुपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ।

### प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी सुझाव संकलनका उद्देश्यले एकदिने कार्यशाला आयोजना गरिएको थियो। कार्यशालामा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी सुझाव प्राप्त गर्नुका साथै नपुग देखिएका सूचना तथा तथ्यांक समेत संकलन गरिएको थियो।

### प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरिएको छ। यसरी तयार भएको मस्यौदालाई यस विषयका विज्ञद्वारा पुनरावलोकन गराई मस्यौदालाई अन्तिम रुप प्रदान गरिएको छ।

**प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँकार्यपालिकाको बैठकमा छलफल गरी स्विकृत गरिएको छ। साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँसभाबाट अनुमोदन समेत गरिएको छ।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालिन तथा आवधिक विकास योजनाले राखेको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

यस गल्छी गाउँपालिकाले २०७८ सालमा प्रथम आवधिक योजना तर्जुमा गरेको छ। तसर्थ सोहि आवधिक योजना को आधारमा आर्थिक वर्ष २०८०/८१ – २०८२/८३ का लागि तुर्जमा गरिएको प्रस्तुत मध्यमकालीन खर्च संरचनामा गल्छी गाउँपालिकाको प्रथम आवधिक विकास योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रमहरु नेपाल सरकारको पन्ध्रौं योजना तथा बागमती प्रदेशको प्रथम आवधिक योजना तथा दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकार सूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ चूनौति तथा अवसर

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजना एवम् नीति तथा कार्यक्रमले लिएका उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्ने कार्य आफैमा चूनौतिपूर्ण छ। यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारीका अतिरिक्त वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशील विकास हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु गाउँपालिकाको निमित्त थप चूनौतिको विषय हो।

यसका साथै व्यवस्थित पुर्वाधार, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीका अवसरमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँ विकासको चूनौतिको रुपमा रहेका छन्। वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण कार्य हो।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु यस गाउँपालिकाका लागि अहिलेका प्रमुख अवसरहरु हुन्। गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्धारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी

निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र अन्य विपद्ले गर्दा अझ राम्रो अझ बलियो सुरक्षिण निर्माण, उत्थानशील विकास र वातावरणीय सन्तुलनका दिशामा यस मध्यमकालीन खर्च संरचनाले केन्द्रित हुन थप प्रेरणा दिने अपेक्षा गरिएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

गाउँपालिकाको मार्गदर्शक दस्तावेजको रुपमा गल्छी गाउँपालिकाको प्रथम आवधिक योजना २०७८/७९ – २०८२/८३ तर्जुमा भै कार्यान्वयनमा रहेको हुँदा यस दस्तावेजलाई प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा आधारको रुपमा लिइएको छ । साथै गाउँपालिकाले विगतदेखि तय गरेको र नीति कार्यक्रममा समावेश गरेको गाउँ विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई पनि आधार मानिएको छ । त्यसबाहेक पन्ध्रौ राष्ट्रिय योजना, बागमती  प्रदेश सरकारको प्रथम आवधिक योजना समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**त्रिदेशीय व्यापारिक नगर : समृद्ध गल्छी शहर**

*गाउँपालिकाको यस दीर्घकालीन सोचले गल्छी गाउँपालिकालाई दीर्घकालमा नेपाल, चीन र भारत तीन देशबीचको प्रमुख व्यापारिक केन्द्र र नेपालको एक प्रमुख समृद्ध शहरका रुपमा स्थापित गर्ने सोच राखेको छ ।*

### २.३.२ लक्ष्य

समग्र लक्ष्य : दीगो आर्थिक एवम् मानवीय विकास तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यापार व्यवसायको प्रवर्द्धन गर्ने

- कृषि, पशु, वन, सेवा र अन्य क्षेत्रमा उल्लेख्य मात्रामा उद्योग, व्यापार, व्यवसायको विकार विस्तार भएको हुनेछ ।
- लघु, घरेलु, साना तथा मझौला गरी गाउँपालिकाभित्र कुल ३००० उद्योग व्यवसाय सञ्चालनमा आएका हुनेछन् ।
- उद्योग व्यवसाय गाउँपालिकाको एउटा प्रमुख पेशा÷आर्थिक क्षेत्रका रुपमा स्थापित भएको हुनेछ । गाउँपालिकाभित्रै सञ्चालित उद्यम व्यवसायमा गाउँपालिकाका करिब ४० प्रतिशत घरधुरी (११५०० जना) ले स्व÷रोजगार प्राप्त गरेका हुनेछन् ।
- ६० किमी थप पक्की सडक निर्माण भएको हुनेछ तथा कुल १५० कि.मी सडक सञ्जाल विस्तार भई बाह्रै महिना यातायात सञ्चालन भई गाउँपालिकाभित्रको आन्तरिक पहुँच र आवद्धतामा उल्लेख सुधार भएको हुनेछ ।

### २.३.३ उद्देश्य

१. उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्नु
२. गाउँपालिकालाई साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु
३. सभ्य, स्वस्थ्य र स्वावलम्बी जनशक्ति विकास गर्नु
४. बसोबास, बजार, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु
५. वनको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्नु
६. दीगो फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छताको अवस्था हासिल गर्नु
७. समुदायलाई विपद् उत्थानशील र पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउनु
८. सेवा प्रवाह तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउनु

### २.३.४ रणनीति

गाउँपालिकाको आवधिक विकास योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीति (स्तम्भ) हरू अवलम्बन गरिएका छन् :

१. तुलनात्मक लाभका कृषि, पशुपंक्षी, तथा वनजन्य उत्पादनको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण गर्ने
२. कृषि, सांस्कृतिक तथा ग्रामीण पर्यापर्यटनको प्रवद्र्धन गर्ने
३. गुणस्तरीय तथा व्यावसायिक शिक्षा र स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने
४. सामाजिक न्याय, समावेशीकरण, संरक्षण तथा सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्ने
५. दिगो तथा उत्पादनशील पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, उन्नत सञ्चार सूचना र स्वच्छ ऊर्जाको विकास, विस्तार र स्तरोन्नति गर्ने
६. विकास प्रक्रिया तथा उपलब्धीलाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने
७. योजना चक्रका सबै हिस्सामा अन्तर सरकारी, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्राथमिकता दिने
८. जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने
९. आन्तरिक राजस्व सदृढीकरण, स्रोत परिचालन र वित्तीय अनुशासन प्रवद्र्धन गर्ने
१०. कोभिड–१९ को संक्रमण नियन्त्रण र व्यवस्थापनलाई प्रभावकारी गराउँदै अन्य संभाव्य महामारीहरूको पूर्वतयारी गर्ने

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, बागमती प्रदेशको "सुसंस्कृत र सुखी जनताः समाजबाद उन्मुख समृद्ध प्रदेश" को सोच र गल्छी गाउँपालिकाको विकासको "त्रिदेशीय व्यापारिक नगर : समृद्ध गल्छी शहर" सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

तालिका २.*1* मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल बार्षिक उत्पादन | रु लाखमा | १२३०० | १३००० | १३७०० | १४५०० | १५५०० |
| *1.1* | *कृषि क्षेत्र* | रु लाखमा | ८३०० | ८५०० | ८७०० | ९००० | ९५०० |
| *1.2* | *गैर कृषि (उद्योग र सेवा) क्षेत्र* | रु लाखमा | ४००० | ४५०० | ५००० | ५५०० | ६००० |
| २ | औषत पारिवारिक आय | रु लाखमा | ४ | ४.५ | ५ | ६ | ७ |
| ३ | उद्योग, ब्यापार र व्यवसाय | संख्या | २५० | ३०० | ४०० | ४५० | ५०० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी श्रृजना | संख्या | ११०० | १२५० | १४०० | १६०० | १८०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ |

*स्रोत : गल्छी गाउँपालिकाको आवधिक योजना २०७८*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना तथा गल्छी गाउँपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक योजना, बार्षिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका *2.2* प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **१** | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | १२० | १३५ | १५० | १७५ | २०० |

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २ | आफनो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | १० | ९ | ८ | ७ | ६ |
| ३ | आफ्नो उत्पादन र आयले वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ६० | ६४ | ६८ | ७३ | ७८ |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| ५ | साक्षरता दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| ६ | आधारभूत तह (१–८) खुद भर्ना दर | प्रतिशत | ९४ | ९६ | ९७ | ९९ | १०० |
| ७ | माध्यमिक तह (९–१२) खुद भर्ना दर | प्रतिशत | ८५ | ८८ | ९० | ९३ | ९५ |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा | जना | ० | ० | ० | ० | ० |
| १० | कुपोषण दर | संख्या | ० | ० | ० | ० | ० |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| १२ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगका महिला | प्रतिशत | ० | ० | ० | ० | ० |
| १३ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | १४ | १४ | ३० | ३४ | ४० |
| १४ | भवनसहिंता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ६० | ७५ | ८० | ८२ | ८५ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ६५ | ६५ | ७० | ७५ | ८० |
| १६ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ६० | ६० | ७० | ७५ | ८० |
| १७ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | २ | ५ | १० | २० | ३५ |
| १८ | हरियाली क्षेत्र | प्रतिशत | ३१ | ३१ | ३१ | ३२ | ३२ |
| १९ | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | ५६ | ६० | ६५ | ७० |
| २० | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ |
| २१ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ६ | १० | १४ | १४ | १४ |
| २२ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ५० | ५५ | ६० | ७५ | ९० |
| २३ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा तथा एकाइ | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

*स्रोतः गाउँपालिकाको दस्तावेज र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको आवधिक योजना, दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित प्रथम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। गाउँपालिकाको प्रथम प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

गाउँपालिकाका दीर्घकालीन आयोजना, विशेष आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई

मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलव्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि गाउँपालिकाको राजस्व सुधार योजना २०७७/७८ लाई आधारको रुपमा लिइएको छ। त्यस्तै गाउँपालिकाको राजस्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरणलाइ श्रोत मानी विश्लेषण गरिएको छ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा गाउँपालिकाको कुल बजेट रु. २ अर्व १५ करोड ९० लाख १ हजार हुने अनुमान तथा प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका *२.३* : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| विवरण | ०७७/७८ को यथार्थ | ०७८/७९ को यथार्थ | ०७९/८० को संसोधित | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ को अनुमान | ०८१/८२ को प्रक्षेपण | ०८२/८३ को प्रक्षेपण | तीन वर्षको कुल |
| **खर्च अनुमान** | | | | | | | |
| चालु खर्च | २७९७०५ | ३४७९७५ | ३४२५७० | ३०७९०७ | ३२६५७६ | ३३७०६८ | ९७१५५० |
| पुँजीगत खर्च | १९२५८५ | २९२०७८ | २४६७२४ | ३७६३३० | ३९९१४८ | ४११९७२ | ११८७४५० |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| कुल | ४७२२९० | ६४००५३ | ५८९२९४ | ६८४२३७ | ७२५७२४ | ७४९०४० | २१५९००१ |
| **आय अनुमान** | | | | | | | |
| आन्तरिक आय | **३६६१०** | **१२१८१५** | **३७९६७** | **८००००** | **८९६००** | **९८५६०** | **२६८१६०** |
| **राजस्व बाँडफाँट बाट प्राप्त रकम** | ९३७३२ | ६४५४० | ५१०६९ | १११५६३ | ११७१४१ | १२२९९८ | ३५१७०२ |
| क. नेपाल सरकार | ७२६५० | ६४५४० | ४२०७८ | ९०००२ | ९४५०२ | ९९२२७ | २८३७३१ |
| ख. प्रदेश सरकार | २१०८२ | ० | ८९९१ | २१५६१ | २२६३९ | २३७७१ | ६७९७१ |
| **रोयल्टी बाँडफाँट** | ० | ० | ० | ० | ० | ० | ० |
| क. वन रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| ख. खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| ग. विद्युत् रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| घ. पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३४३६९३** | **३६०५३३** | **३५०८२१** | **३६०५००** | **३९५२००** | **४०७२१०** | **११६२९१०** |
| क. वित्तीय समानीकरण अनुदान | १३९७८६ | १४७३०० | १३६१५० | १३४२०० | १४०९१० | १४७९५६ | ४२३०६६ |
| ख. सशर्त अनुदान | १८५६७८ | २१३२३३ | २०६१७५ | १८९८०० | १९९२९० | २०९२५५ | ५९८३४५ |
| ग. समपूरक अनुदान | १०२४ | ० | ८००० | १०००० | ३५००० | ३०००० | ७५००० |
| घ. विशेष अनुदान | १७२०५ | ० | ४९६ | २६५०० | २०००० | २०००० | ६६५०० |

| विवरण | ०७७/७८ को यथार्थ | ०७८/७९ को यथार्थ | ०७९/८० को संसोधित | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण (रु.) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ को अनुमान | ०८१/८२ को प्रक्षेपण | ०८२/८३ को प्रक्षेपण | तीन वर्षको कुल |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **४७७०९** | **६२७७९** | **८४६१६** | **५२१७४** | **५१७८३** | **५५४७२** | **१५९४२९** |
| क. वित्तीय समानीकरण अनुदान | *१०१९८* | *१२८८०* | *१५३८६* | *१४४८८* | *१५२१२* | *१५९७३* | *४५६७३* |
| ख. सशर्त अनुदान | *१७५११* | *१४३५९* | *२४२३०* | *१७६८६* | *१८५७०* | *१९४९९* | *५५७५५* |
| ग. समपूरक अनुदान | *२००००* | *२९७४०* | *३००००* | *२००००* | *१००००* | *१००००* | *४००००* |
| घ. विशेष अनुदान | *०* | *५८००* | *१५०००* | *०* | *८०००* | *१००००* | *१८०००* |
| **आन्तरिक ऋण** | ० | ० | ० | ० | ० | ० | ० |
| **अन्य अनुदान** | ० | ० | ० | ० | ० | ० | ० |
| **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| **अन्तर स्थानीय तह साझेदारी रकम** | ० | ० | ० | | ० | ० | ० |
| **मौज्दात रकम** | १९३१०६ | २६९२४० | २४०८०८ | ८०००० | ७२००० | ६४८०० | २१६८०० |
| कुल | ७१४८५० | ८७८९०७ | ७६५२८१ | ६८४२३७ | ७२५७२४ | ७४९०४० | २१५९००१ |
| **बचत (–) न्यून (+)** | -२४२५६० | -२३८८५४ | -१७५९८७ | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

**क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

यस गाउँपालिकाको आवधिक योजनामा तय गरिएका रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

तालिका *२.4 :* रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| रणनीतिक स्तम्भ | कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रक्षेपण | | २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कृषि | ६ | १८६०० | ३% | १९७२८ | ३% | २०३६२ | ३% |
| पर्यटन | २ | ३०००० | ४% | ३१८१९ | ४% | ३२८४१ | ४% |
| उद्योग ब्यापार | ५ | १३६०० | २% | १४४२४ | २% | १४८८८ | २% |
| शिक्षा | ३ | १८५८२८ | २७% | १९७०९५ | २७% | २०३४२७ | २७% |
| स्वास्थ्य | ४ | ६०८९० | ९% | ६४५८२ | ९% | ६६६५७ | ९% |
| समावेशीकरण | ३ | ७६८५ | १% | ८१५१ | १% | ८४१२ | १% |
| पूर्वाधार | १० | १९६७७१ | २९% | २०८७०२ | २९% | २१५४०७ | २९% |
| वातावरण सन्तुलन | २ | १७००० | २% | १८०३१ | २% | १८६१० | २% |
| विपद तथा जलवायु | १ | ८३०० | १% | ८८०३ | १% | ९०८६ | १% |
| सुशासन सेवा प्रवाह | ४ | १४५५६३ | २१% | १५४३८९ | २१% | १५९३४९ | २१% |
| **कुल जम्मा** | **४०** | **६८४२३७** | **१००%** | **७२५७२४** | **१००%** | **७४९०३९** | **१००%** |

**ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

तालिका *२.5 :* प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को खर्च अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | १४ | ५३८७२ | ८% | ५८९५७ | ८% | ६१८१५ | ८% |

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को खर्च अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता दोश्रो (P2) | २६ | ६३०३६५ | ९२% | ६६६७६७ | ९२% | ६८७२२४ | ९२% |
| **जम्मा** | ४० | **६८४२३७** | **१००%** | **७२५७२४** | **१००%** | **७४९०३९** | **१००%** |

### ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

तालिका २.*6 :* दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४ | १२९८० | २% | १३८५८ | २% | १४३५१ | २% |
| २ | शून्य भोकमरी | ३ | १२५५० | २% | १३३११ | २% | १३७३९ | २% |
| ३ | स्वस्थ जीवन | ४ | ६०८९० | ९% | ६४५८२ | ९% | ६६६५७ | ९% |
| ४ | गुणस्तरीय शिक्षा | ३ | १८५८२८ | २७% | १९७०९५ | २७% | २०३४२७ | २७% |
| ५ | लैङ्गिक समानता | १ | ६०९२ | १% | ६४६१ | १% | ६६६९ | १% |
| ६ | स्वच्छ पानी र सरसफाइ | २ | १६००० | २% | १६९७० | २% | १७५१५ | २% |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ८०० | ०% | ८४९ | ०% | ८७६ | ०% |
| ८ | समावेशी आर्थिक वृद्धि,मर्यादित काम | ६ | ३६६६३ | ५% | ३८८८६ | ५% | ४०१३५ | ५% |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ४ | ९७००० | १४% | १०२८८१ | १४% | १०६१८७ | १४% |
| १० | असमानता न्यूनीकरण | १ | १०० | ०% | १०६ | ०% | १०९ | ०% |
| ११ | दिगो शहर र बस्ती | २ | ७७०७१ | ११% | ८१७४४ | ११% | ८४३७० | ११% |
| १२ | दिगो उपभोग र उत्पादन | १ | १५०० | ०% | १५०० | ०% | १५०० | ०% |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २ | २४३०० | ४% | २५७७३ | ४% | २६६०१ | ४% |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०% | ० | ०% | ० | ०% |
| १५ | भूसतह स्रोतको उपयोग | १ | १००० | ०% | १०६१ | ०% | १०९५ | ०% |
| १६ | शान्ति, न्याय र सबल संस्था | ३ | ८७४० | १% | ९२७१ | १% | ९५६८ | १% |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | १४२७२३ | २१% | १५१३७६ | २१% | १५६२४० | २१% |
| | कुल जम्मा | ४० | **६८४२३७** | **१००%** | **७२५७२४** | **१००%** | **७४९०३९** | **१००%** |

### घ. लैंङ्गिक संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

तालिका *२.7 :* लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| लैंङ्गिक संकेत | आयोजना, कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १ | ६०९२ | १% | ६४६१ | १% | ६६६९ | १% |
| सहयोगी | १२ | २२७७२१ | ३३% | २४०८७३ | ३३% | २४८२६४ | ३३% |
| तटस्थ | २७ | ४५०४२४ | ६६% | ४७८३९० | ६६% | ४९४१०६ | ६६% |
| **जम्मा** | ४० | **६८४२३७** | **१००%** | **७२५७२४** | **१००%** | **७४९०३९** | **१००%** |

### ङ. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

तालिका *२.8 :* जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| जलवायु परिवर्तन संकेत | आयोजना, कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ३ | १७८०० | ३% | १८८८० | ३% | १९४८६ | ३% |
| सान्दर्भिक | १५ | ८५०१२ | १२% | ९०१६७ | १२% | ९३०६३ | १२% |
| तटस्थ | २२ | ५८१४२५ | ८५% | ६१६६७७ | ८५% | ६३६४९० | ८५% |
| **जम्मा** | ४० | **६८४२३७** | **१००%** | **७२५७२४** | **१००%** | **७४९०३९** | **१००%** |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

तालिका ***२.9 :*** आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)

| उपक्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| कृषि तथा खाद्य सुरक्षा | १२५५० | ८१५८ | ४३९३ | १३३११ | ८६५२ | ४६५९ | १३७३९ | ८९३० | ४८०९ |
| पशुपंक्षी सेवा | ६०५० | ४८४० | १२१० | ६४१७ | ५१३४ | १२८३ | ६६२३ | ५२९८ | १३२५ |
| उद्योग र व्यापार ब्यवसाय | ४७५० | ३३२५ | १४२५ | ५०३८ | ३५२७ | १५११ | ५२०० | ३६४० | १५६० |
| पर्यटन तथा संस्कृति | ३०००० | ९००० | २१००० | ३१८१९ | ९५४६ | २२२७३ | ३२८४१ | ९८५२ | २२९८९ |
| भूमि सहकारी र वित्तसेवा | ४२० | ३३६ | ८४ | ४४५ | ३५६ | ८९ | ४६० | ३६८ | ९२ |
| श्रम, रोजगारी | ८४३० | ४२१५ | ४२१५ | ८९४१ | ४४७१ | ४४७१ | ९२२८ | ४६१४ | ४६१४ |
| | | | | | | | | | |
| शिक्षा, कला, भाषा साहित्य | १८५८२८ | १५७९५४ | २७८७४ | १९७०९५ | १६७५३१ | २९५६४ | २०३४२७ | १७२९१३ | ३०५१४ |
| स्वास्थ्य तथा पोषण | ६०८९० | ५१७५७ | ९१३४ | ६४५८२ | ५४८९५ | ९६८७ | ६६६५७ | ५६६५८ | ९९९९ |
| खानेपानी तथा सरसफाई | १६००० | ३२०० | १२८०० | १६९७० | ३३९४ | १३५७६ | १७५१५ | ३५०३ | १४०१२ |
| महिला बालिका समावेशी | ६०९२ | ५१७८ | ९१४ | ६४६१ | ५४९२ | ९६९ | ६६६९ | ५६६९ | १००० |
| युवा तथा खेलकुद | १०० | ५० | ५० | १०६ | ५३ | ५३ | १०९ | ५५ | ५५ |
| सामाजिक सुरक्षा, पञ्जीकरण | १४९३ | १४१८ | ७५ | १५८४ | १५०५ | ७९ | १६३४ | १५५२ | ८२ |
| | | | | | | | | | |
| बस्ती विकास भवन शहरी | ७७०७१ | ३८५४ | ७३२१७ | ८१७४४ | ४०८७ | ७७६५७ | ८४३७० | ४२१९ | ८०१५२ |
| सडक तथा यातायात | ९७००० | २९१० | ९४०९० | १०२८८१ | ३०८६ | ९९७९५ | १०६१८७ | ३१८६ | १०३००१ |
| जलश्रोत विद्युत् र स्वच्छ ऊर्जा | ८०० | ४० | ७६० | ८४९ | ४२ | ८०७ | ८७६ | ४४ | ८३२ |
| सूचना, सञ्चार प्रविधि | ५९०० | ८८५ | ५०१५ | ६२५८ | ९३९ | ५३१९ | ६४५९ | ९६९ | ५४९० |
| | | | | | | | | | |
| वन हरियाली, भूसंरक्षण नदी | १००० | १०० | ९०० | १०६१ | १०६ | ९५५ | १०९५ | ११० | ९८६ |
| वातावरण फोहोरमैला व्यवस्थापन | १६००० | ८००० | ८००० | १६९७० | ८४८५ | ८४८५ | १७५१५ | ८७५८ | ८७५८ |
| विपद जलवायु परिवर्तन | ८३०० | ३३२० | ४९८० | ८८०३ | ३५२१ | ५२८२ | ९०८६ | ३६३४ | ५४५२ |
| | | | | | | | | | |
| नीति, कानून, सुशासन | १४६२ | १३८९ | ७३ | १५५१ | १४७३ | ७८ | १६०० | १५२० | ८० |
| संगठन, मानव संशाधन | १४२५२३ | १३९६७३ | २८५० | १५११६४ | १४८१४१ | ३०२३ | १५६०२१ | १५२९०१ | ३१२० |
| राजस्व सुधार परिचालन | २०० | १८० | २० | २१२ | १९१ | २१ | २१९ | १९७ | २२ |
| तथ्याङ्क, योजना विकास | १३७८ | ११०२ | २७६ | १४६२ | ११७० | २९२ | १५०९ | १२०७ | ३०२ |
| कुल जम्मा | **६८४२३७** | **४१०८८३** | **२७३३५४** | **७२५७२४** | **४३५७९५** | **२८९९२९** | **७४९०३९** | **४४९७९६** | **२९९२४३** |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

## परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ। यस परिच्छेदमा हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन् ।

### ३.१ कृषि तथा खाद्य सुरक्षा

३.१.१ पृष्ठभूमि

झण्डै ५६ प्रतिशत मानिसहरूको जीविकोपार्जन र रोजगारीको मुख्य स्रोतको रुपमा रहेको कृषि रहेको यस गाउँपालिकामा मूलतः जीवननिर्वाहमुखी रहेको छ। झण्डै ३८९९ हे.खेतीयोग्य जमिनले ढाकिएको यस गाउँपालिकामा २००० हे.मा तरकारी, १५०० हे.मा खाद्यान्न तथा ३९९ हे.मा फलफूल खेती गरिएको अनुमान छ। खाद्यान्नप्रधान यस गाउँपालिकाको कृषि क्षेत्र विस्तारै तरकारी लगायत उच्च मूल्ययुक्त बाली जस्तै; मसलाबाली, मह, च्याउ खेतीतर्फ फड्को मार्न थालेको देखिन्छ। गाउँपालिकाभित्र थुप्रै तरकारी तथा उच्चमूल्ययुक्त बालीका लागि पकेट क्षेत्रहरू हुनु, गाउँपालिकाबाट पर्याप्त मात्रामा तरकारी काठमाण्डौ भित्रिनु, गाउँपालिकाको वरिपरि बजार क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, मानिसहरूले बढ्दो रुपमा सूचना प्रविधिको प्रयोग गर्दै जानु, किसान समूहहरू हुनु, गाउँपालिकाले कृषिको क्षेत्रमा बढ्दो रुपमा लगानी गर्दै जानु, काठमाण्डौका अतिरिक्त बुटवल, पोखरातिर पनि यहाँको कृषिका उपजहरूको निकासी हुनु, व्यवसायिक कृषि फर्महरूको संख्या बढ्दै जानु यहाँको कृषि क्षेत्रका सबल पक्ष हुन् ।

मकै, धान, कोदो, गहुँ यहाँको मुख्य अन्नबालीहरू हुन् भने बोडी, मास, मसुरो, सानो केराउ, गहत, भटमास मुख्य दलहन बाली हुन । तेलहन बालीअन्तर्गत तोरी, बदाम, तिल, रायो, सस्र्यु उत्पादन गरिन्छ भने तरकारीमा खेती आलु, फर्सी, लौका, सिमी, स्कुस, घिरौँला, रायो, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार मुख्य छन्। फलपूmलमा आँप, नास्पाती, हलुवावेद, खुर्पानी, आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा आदिको उत्पादन हुन्छ। विभिन्न अध्ययन सामग्रीबाट कल्लेरी र गोगनपानीलाई धानको, कल्लेरीलाई गहुँको, गोगनपानी र बैरेनीलाई गहुँको, गोगनपानीलाई उखु र रेशमखेतीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने देखिन्छ। यहाँ बलौटे, रातो र पाँगो माटो पाइन्छ। यहाँ सिंचाइको लागि पर्याप्त स्रोत रहेको छ ।गाउँपालिकाले कृषिलाई आधुनिक र ब्यवसायिक रुपमा विस्तार गर्न विभिन्न पकेट क्षेत्र पहिचान गरी उत्पादन बृद्धि गर्ने लक्ष्य लिएको छ।

३.१.२ समस्या तथा चूनौति

निर्वाह मुखी कृषि, खाद्य सुरक्षाको कमी, न्यून उत्पादकत्व, बढ्दो आयात मूखि संस्कृति, सिचाइको कमी, जैविक मल, उन्नत वीउ र आधुनिक प्रविधिको अभाव, कृषि बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन।
व्यावसायिक तथा जैविक कृषि विकास गर्नु, उन्नत मल वीउ र प्रविधि ल्याउनु, कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, वाली विविधिकरण र सघनीकरण गर्नु, कृषि योग्य जमिनमा सिचाइको व्यवस्था गर्नु, खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु, कृषिका पकेट क्षेत्रमा यातायात पहुँच पुर्याउनु आदि प्रमुख चुनौती हुन।

३.१.३ सोच

“गल्छीको समृद्धि, कृषि उत्पादनमा बृद्धि”

३.१.४ उद्देश्य

कृषि र पशुपालनमा आधुनिकीकरण गरी कृषकको जीवन स्तरमा सुधार गर्नु।

३.१.५ रणनीति

१. व्यावसायिक कृषि र पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने,
२. कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने,
३. स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ५२ | ५३ | ६० | ७२ | ८० |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ८४ | ८२ | ७८ | ७५ | ६८ |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | ० | ० | ० | ० | ० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ७४ | ७६ | ८२ | ८५ | ९० |
| कुल कृषिभूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ८ | १० | १२ | १५ | २० |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | १४ | १६ | १७ | १९ | २२ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | ९०० | ९७८ | ११०० | १२५० | १५०० |
| कुल तरकारी उत्पादन | मे.टन | ४०५ | ४४४ | ५०० | ६०० | ८०० |
| कुल दलहन बाली उत्पादन | मे.टन | ४० | ५१ | ७० | ८० | ९० |

स्रोतः कृषि शाखा, गल्छी गाउँपालिका

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२५५० | ८१५८ | ४३९३ | ० | ८४५० | २६०० | १५०० | ० |
| २०८१/८२ | १३३११ | ८६५२ | ४६५९ | ० | ८५८० | ३१८१ | १५५० | ० |
| २०८२/८३ | १३७३९ | ८९३० | ४८०९ | ० | ८६६० | ३४७९ | १६०० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | कृषि सम्बन्धी आधुनिक एवं वैज्ञानिक प्रविधि वारे शिप दिने, नयाँ प्रविधिको यन्त्र तथा शिप प्रदान गर्ने, विभिन्न विषयमा छलफल गरि निर्णय गर्ने। | २०८०/८१-२०८२/८३ | १५०० | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना |
| २ | कृषि ब्यवाय विकास कार्यक्रम | कृषकहरुलाइ उत्पादन वृद्धि गर्न प्रोत्साहन गर्ने, कृषकहरुलाइ उन्नत बिउविजन उपलव्ध गराउने। | २०८०/८१-२०८२/८३ | २२५०० | कृषि ब्यवाय विकास कार्यक्रम |
| ३ | कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | कृषकहरुले उत्पादन गरेको बस्तुहरको बजारीकरणमा सहयोग गर्ने। | सालबसाली | १५६०० | कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका ब्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ। कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार ल्याउन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषिजन्य उत्पादनमा नयाँ प्रकोपहरु आउन सक्ने सम्भावना समेत रहन्छ।

## ३.२ पशु विकास

### ३.२.१ पृष्ठभूमि

गल्छी गाउँपालिका पशुपालनको दृष्टिकोणले धेरै संभावना बोकेको गाउँपालिका हो। पहाडी भूवनोट, पर्याप्त भुईघाँस, डालेघांस तथा हरियाली, मिहनेती किसान, वढ्दै गएको बजार क्षेत्रले पनि यसको संभावनाको उजागर गरेको हो। यहाँ झण्डै ५८७१ वटा भैंसी, ५१०५६ वाख्रा, उन्नत कुखुरा १९३९०० हुनुले पनि यहाँको पशुपालन विस्तारै व्यावसायिक बन्दैछ भन्ने संकेत गर्दछ। यहाँ भएको २ वटा व्यवसायिक भैंसी फर्म, ५० वटा भन्दा वढी वाख्रा फर्म, ७ वटा कुखुरा फर्म तथा १ वटा स्थानीय गाई फर्मले पनि यहाँ पशुपालनको प्रचुर संभावना रहेको देखाउँछ। यस गाउँपालिकामा ८ वटा मासु पसल सञ्चालनमा आएका छन भने १ वटा दुग्ध चिस्यान केन्द्र यस गाउँपालिकाको वडा नं ६ वैरेनीमा सञ्चालनमा रहेको छ। दुग्धजन्य पदार्थको विक्री गर्न ७ वटा दुग्ध डेरी स्थापना भएको छ। पशुपालन समुह १० वटा रहेको छ भने झण्डै १५ जना पशुपालन प्राविधिकहरू रहेका छन। यस पालिकाको वडा नं.१ मा ट्राउट माछाको एउटा माछा पोखरी सञ्चालनमा रहेको छ। त्यस्तै धादिङ्ग जिल्लामा १७ वटा पशु विमा कम्पनी हुनु त्यसमा पनि शिखर, एनएलजी तथा सगरमाथा बढी सक्रिय हुनुले पनि यहाँ पशु विमाका लागि सहज वातावरण भएको अनुमान गर्न सकिन्छ।

### ३.२.२ समस्या तथा चूनौति

निर्वाह मुखी न्यून उत्पादकत्व भएका पशु पालन निरन्तर हुनु, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, बढ्दो आयात मूखि संस्कृति, उन्नत घास वीउ र आधुनिक प्रविधिको अभाव, पशु बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन।

व्यावसायिक तथा जैविक पशु पालन क्षेत्रको विकास गर्नु, उन्नत घास, औषधी उपचार सेवा उपलब्ध गराउन तथा पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु, पशु पकेट क्षेत्रमा यातायात पहुँच पुर्याउनु आदि प्रमुख चुनौती हुन।

### ३.२.३ सोच

“दिगो तथा उन्नत पशुपालन, सक्षम किसान”

### ३.२.४ उद्देश्य

- किसान, कृषि सहकारी तथा ब्यवसायीहरुको क्षमता विकास गरी नाफामुलक ब्यवसायको रुपमा स्थापना गर्नु
- गाउँपालिकाको नीति कार्यक्रम अनुसार पशुपालन पकेट पहिचान गरी पूर्वाधार विकास गर्नु।
- पशुपालनसँग सम्बन्धित बजारीकरणलाई सुधार गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु।

### ३.२.५ रणनीति

१. पशुपालनको व्यावसायिक पकेट क्षेत्र पहिचान तथा निर्माण गर्ने।
२. पशुपालन व्यवसाय सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना हस्तान्तरणका लागि मोवाइल सेवा प्रदान गर्ने।
३. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवद्र्धन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १००० | १५०० | २००० | २५०० | ३००० |
| व्यवसायिक फर्मको संख्या | संख्या | ३४ | ४३ | ६० | ८० | १०० |
| बार्षिक दुधको उत्पादन | मे.टन | ० | ० | ० | ० | ० |
| बार्षिक मासु उत्पादन | मे.टन | ० | ० | ० | ० | ० |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ० | ० | ० | ० | ० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६०५० | ४८४० | १२१० | ० | ४४५० | १६०० | | ० |
| २०८१/८२ | ६४१७ | ५१३३ | १२८३ | ० | ४६६७ | १७५० | | ० |
| २०८२/८३ | ६६२३ | ५२९८ | १३२५ | ० | ४७५३ | १८७० | | ० |

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपक्षी प्रसार र प्रविधि हस्तान्तरण कार्यक्रम | ज्ञान तथा शिप हस्तान्तरण गर्ने, विभिन्न विषयमा छलफल गरी निर्णय गर्ने। | २०८०/८१-२०८२/८३ | ९००० | व्यवसायिक पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा २० प्रतिशतले वृद्धि हुनेछ। |
| २ | बगुर प्रवर्द्धन कार्यक्रम | कृषकहरुलाइ उत्पादन बढाउन प्रोतसाहन गर्ने, स्वस्थ पशुजन्य उपभोग्य बस्तु उत्पादन गर्ने। | २०८०/८१-२०८२/८३ | ४५०० | व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा २० प्रतिशतले वृद्धि हुनेछ। |
| ३ | पशुपक्षी उपज बजार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | उत्पादित पशुजन्य सामाग्रीहरुको सहज बजारीकरण गर्ने। | सालबसाली | ५५९० | |

३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ। नयाँ ब्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.३ उद्योग तथा व्यापार

३.३.१ पृष्ठभूमि

राष्ट्रिय राजगमार्ग र राजधानी शहर काठमाडौंसँग नजिकको पहुँच भएकाले उद्योग–व्यापार विकासको संभावना राम्रो रहेको छ। हालसम्म झण्डै ७७२ वटा व्यापार व्यवसायहरू गाउँपालिकामा दर्ता भएका छन्। राजमार्गको आसपासमा ९ वटाभन्दा बढी बजार क्षेत्र हुनु, गाउँपालिका काठमाडौंबाट नजिकको दुरीमा हुनुले पनि व्यापार व्यवसायका लागि आधार खडा गरेको देखिन्छ। गाउँपालिकामा पर्याप्त मात्रामा कुटानी–पिसानी मिल रहनु, २७ वटाभन्दा वालुवा संकलन केन्द्र सञ्चालनमा रहनु पनि उद्योग, व्यापार क्षेत्रको संभावना बढाएको हो। गाउँपालिकामा काठ, जडिबुटी, खोटो, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल, स्लेट, फलफूल, खाद्यान्न, तरकारी आदिमा आधारित उद्योग, व्यापार तथा व्यवसायहरूको धेरै संभावना रहेको छ।

३.३.२ समस्या तथा चूनौति

व्यवसायिक सोच तथा संस्कारको अभाव उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनको एउटा प्रमुख समस्याको रुपमा रहेको छ। त्यस्तै, सबै स्थानमा सडक सञ्जाल नपुग्नु अर्को समस्याको रुपमा रहेको छ। स्थानीय उपभोक्ता तथा सेवा प्रदायकहरूमा उद्योग, व्यापार तथा व्यवसायलाई प्रवद्र्धन गर्न चाहिने तालिम तथा प्रशिक्षणको विषयमा उन्नत सोचको अभाव रहेको छ। तालिमप्रतिको सोच र अवधारणामा परिवर्तन जरुरी देखिएको छ। व्यवसायिक सेवा प्रदायक संस्था तथा व्यवसायिक प्रविधिको अभाव अर्को समस्याको रुपमा विद्यमान छ।

बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह गर्ने ऋणमा सबै व्यवसायीहरूको पहुँच स्थापना हुन नसक्नु अर्को समस्याको रुपमा रहेको छ। गरिब तथा विपन्न वर्गको वित्तिय सूचनामा पहुँच नहुनु, पहुँच भई हाले पनि उनीहरुले सहजै ऋण लिन नसक्नु आदि समस्याहरू

रहेका छन् । उद्योग, व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने दीर्घकालीन नीति, रणनीति, कार्यक्रम तथा बजेटको अभाव रहेको छ । गाउँपालिकाले उद्योग, व्यवसाय तथा व्यापारलाई प्राथमिकतामा राखेको छैन । यसका लागि बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन भई मानिसहरूको क्षमता विकास गर्ने कार्यहरू हुन सकेको छैन ।

उत्पादनमुखी बजारको व्यवस्थापन हुन नसक्नु, व्यवसाय सम्बन्धी सूचना केन्द्रको कमी हुन, ऋण लिनका लागि मात्र व्यवसाय दर्ता गर्ने प्रचलन हावी हुनु पनि उद्योग व्यापार क्षेत्रको विकासका व्यवधानहरू हुन् ।

३.३.३ सोच

“दिगो तथा रोजगारमूलक स्थानीय उद्योगको प्रवर्द्धन”

३.३.४ उद्देश्य

१. उद्योग, व्यापार र व्यवसाय विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।
१. गाउँको आर्थिक विकासमा उद्योग तथा ब्यापार क्षेत्रको योगदानमा बृद्धि गर्नु ।
२. गाउँ भित्रका निजी क्षेत्र, समुदाय तथा सहकारीको सहकार्यमा उद्यमशीलता प्रवद्र्धन र पँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमूना उद्योगहरू प्रवर्द्धन गर्नु ।

३.३.५ रणनीति

१. उद्यमशीलताको प्रवर्द्धन गरी लघू तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,
२. व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।
३. उद्योग व्यापारको नियमन तथा सहजीकरणका लागि गाउँपालिकाको कार्यविधि तथा संयन्त्र निर्माण गर्ने ।
४. निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई पवर्द्धन गर्ने ।

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | १२०० | १३०० | १५०० | १६०० | १७५० |
| गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | ६०० | ७५० | ८७५ | १००० | १२०० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | ९१५ | १२०० | १५०० | १८०० | २१०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | १ | १ | १ | २ | २ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | ४००० | ४५०० | ५००० | ५५०० | ६००० |

३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४७५० | ३३२५ | १४२५ | ० | ३४५० | १३०० | | ० |
| २०८१/८२ | ५०३८ | ३५२७ | १५११ | ० | ३५८८ | १४५० | | ० |
| २०८२/८३ | ५२०० | ३६४० | १५६० | ० | ३५७० | १६३० | | ० |

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु उद्यम विकास कार्यक्रम | क्षमता अभिब्रिद्वी, उत्पादकत्व बृद्धी भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ४२०० | व्यवसायिक क्षेत्रको उत्पादन २० प्रतिशतले वृद्धि हुनेछ । |

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | लघु, घरेलु तथा साना उद्योग तथा बजार प्रवर्द्धन सालवसाली कार्यक्रम | क्षमता अभिब्रिद्वी, उत्पादकत्व बृद्धी भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | 10788 | आय आर्जन र रोजगारीमा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको पहलमा उद्योग ब्यापार प्रवद्र्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ। उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ।

## ३.४ पर्यटन विकास

### ३.४.१ पृष्ठभूमि

गल्छी गाउँपालिकाको विकासको सन्दर्भमा पर्यटन ठूलो आयामको रुपमा स्थापित भइसकेको छ। गाउँपालिकाको विकासका लागि पर्यटनलाई एउटा ठूलो उद्यमको रुपमा स्थापित गर्न सकिने संभावनाहरू रहेका छन। वैदेशिक मुद्राको सबैभन्दा बढी आर्जनका हिसाबले मात्र होइन एक देशको संस्कृति अर्को देशले सिक्नका लागि पनि पर्यटन व्यवसायलाई निकै ठूलो विकासको आयामको रुपमा लिइएको छ।

त्रिशुली नदीमा गरिने ¥याफ्टिङ्ग, वार्षिक एक लाखको हाराहारीमा त्रिशुली नदीको आसपासमा आउने पर्यटक, परम्परागत तामाङ्ग जातिको संस्कृति, वडा नं. १ को सरस्वती, कालिका मन्दिर तथा पाउदर धर्मद्वार गुफा, वडा नं २ मा रहेको रक्तवक्षला मन्दिर, हरेक वर्ष मंसिरको पञ्चमीमा लाग्ने मेला, वडा नं. २ कै सुनदेवी मन्दिर जहाँ मृतकहरूको सम्झनामा वत्ती बाल्ने प्रचलनले यहाँको धार्मिक पर्यटकीय महत्वलाई सम्झाउँदछ। त्यस्तै वडा नं. ३ मा रहेको गुप्तेश्वर गुफामा लाग्ने शिवरात्रीको मेला, छाँगेटार झरना, वागेश्वर तथा पञ्चकन्या मन्दिर जहाँ पूर्णिमा तथा पञ्चमीको दिन मेला लाग्ने गर्दछ आदिले थप धार्मिक पर्यटकीयको विशेषता थप्छन्। वडा नं. ४ को रणकालिका मन्दिर, वडा नं. ५ को कोइली खर्क होमस्टे, वडा नं. ६ को अम्लेश्वर महादेव मन्दिर, वडा नं. ७ को राम मन्दिर, वडा नं. ८ को रानीमाला मन्दिर, वागवछला मन्दिर तथा छाँगेश्वर मन्दिर पनि पर्यटकीय हिसावले निकै संभावना बोकेका स्थलहरू हुन्।

### ३.४.२ समस्या तथा चूनौति

गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्सांकन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन। महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ। भएका पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा पनि सूचना र प्रचारको कमी रहेको छ। बाह्य प्रभावले गर्दा स्थानीय मौलिक कला संस्कृति तथा भाषा लोप हुने अवस्थामा पुगेको छ। मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन। कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन। पर्यटकहरूका लागि सहज यातायातको कमी रहेको छ। भएका पर्यटकीय सम्पदा, संस्कृति, सेवा सुविधा आदिको वारेमा सूचनाको आदान–प्रदानको कमी रहेको छ। पर्यटन, कला तथा संस्कृतिको विकासका लागि गाउँपालिकामा संस्थागत संरचना स्थापना हुन नसक्नु, स्थानीयस्तरमा होटेल, स्वस्थ खानेपानीको उपलव्धता हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेका छन्।

### ३.४.३ सोच

“क्षेत्रीय धार्मिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्य”

### ३.४.४ उद्देश्य

१. पर्यटकीय आय र रोजगारीमा वृद्धि गर्नु,
२. स्थानीय कला र साँस्कृतिक विशिष्टताको संरक्षण र संवर्धन गर्नु,
३. गल्छी क्षेत्रका पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटन व्यवसायलाई प्रवर्धन गर्नु।

३.४.५ रणनीति

१. पर्यटक संख्या, वसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने,
२. मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटन सँग आवद्ध गर्ने,
३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।
४. छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघ/संस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण संवर्धन र विस्तार गर्ने ।

३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यवस्थित र स्तरीय ऐतिहासिक, धार्मिक पर्यटकीय स्थल तथा सम्पदा | संख्या | १०० | १०० | १०५ | १०८ | ११० |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र साईक्लीङ रुट | संख्या | १० | १२ | १३ | १५ | १७ |
| बार्षिक वाह्य तथा आन्तरिक पर्यटक आगमन संख्या (हजारमा) | संख्या | ३ | ५ | ७ | १० | १३ |
| स्तरीय होटलको सख्या | संख्या | ५ | ७ | १० | १२ | १५ |

३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३०००० | ९००० | २१००० | ० | ० | ३०००० | ० | ० |
| २०८१/८२ | ३१८१९ | ९५४६ | २२२७३ | ० | ० | ३१८१९ | ० | ० |
| २०८२/८३ | ३२८४१ | ९८५२ | २२९८९ | ० | ० | ३२८४१ | ० | ० |

३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गुप्तेश्वरी पर्यटन प्रवर्द्धन कार्यक्रम | गुप्तेश्वरी क्षेत्रको पर्यटन प्रवद्र्धन गरी धार्मिक टुरिजम मार्फत आयआर्जन वृद्धि गर्नु | ८०/८१– २०८२/८३ | ९०००० | आन्तरीक पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक १० प्रतिशतले वृद्धि हुनेछ । |
| २ | पर्यटन तथा संस्कृति प्रवर्द्धन तथा अन्य सालबसाली कार्यक्रम | पर्यटकीय पुर्वाधार निर्माण, तथा सेवा सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | 4660 | आन्तरीक पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक १० प्रतिशतले वृद्धि हुनेछ । |

३.४.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवद्र्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। कोभिड १९ लगायतका महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.५ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

३.५.१ पृष्ठभूमि

गाउँपालिकाभित्र १७ वटा निजी बैंकका शाखाहरू स्थापना भएका छन। सांग्रिला, कामना, एनआईसी एसिया, ग्लोबल, बैंक अफ काठमाडौं, नेपाल बंगलादेश, ज्योति, नविल, मुक्तिनाथ आदि बैंकहरू यस गाउँपालिकामा रहेका छन। २ वटा लघु वित्त तथा २४

वटा सहकारी संस्थाहरूको अवस्थिति रहेको यो गाउँपालिका बैंक तथा वित्तीय सेवाका हिसाबले सवल रहेको छ। कुल कर्जाको झण्डै ६५ प्रतिशत कर्जा सहकारी संस्थाहरूबाट प्रवाह हुने गरेको छ।

### ३.५.२ समस्या तथा चूनौति

विपन्न वर्गहरूको कर्जामा पहुँच कठिन रहेको छ। अति विपन्न वर्गहरूसँग कर्जाका लागि चाहिने सूचना तथा धितोको अभाव हुने गरेको छ। सहुलियत ब्याजदरको बारेमा आम सरोकारवालाहरूलाई जानकारीको कमी रहेको छ। बैंकबाट कर्जा प्राप्त गर्न नयाँ ग्राहक तथा उद्यमीहरूका लागि कठिन हुने गरेको छ। उद्योग व्यवसायका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज हुन सकेको छैन साथै, कम आय भएका वर्गलाई समेत कर्जा सहज रुपमा उपलब्ध हुन सकेको छैन।

सहकारी शिक्षाको सम्बन्धमा ज्ञान र जागरुकताको कमी रहेको छ। सुशासनको कमजोर छ। कर्जा प्रवाहको बारेमा प्रभावकारी अनुगमन हुन नसकेको। वित्तीय अनुसन्धानको कमी रहेको छ। उत्पादनमूलक रोजगारीमा ध्यान पुग्न सकेको छैन। बचत तथा ऋण संरक्षण नीतिको कमी रहेको छ।

### ३.५.३ सोच

“स्थानीय वासिन्दाको वित्तीय सेवामा सहज पहुँच”

### ३.५.४ उद्देश्य

१. सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवम् व्यवसायिक तुल्याई उत्पादनशील क्षेत्रमा लगानी परिचालन गर्नु।
२. वित्तीय तथा बैंकिङ्ग सेवाको पहुँच बढाउनु।
३. सङ्घीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवद्र्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु।

### ३.५.५ रणनीति

१. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने।
२. सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने।
३. गाउँपालिकामा वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २० | ३० | ३५ | ४० | ५० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ३० | ४० | ४५ | ५० | ६० |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | १५ | २० | २५ | ४० | ६० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४२० | ३३६ | ८४ | ० | ० | ४२० | ० | ० |
| २०८१/८२ | ४४५ | ३५६ | ८९ | ० | ० | ४४५ | ० | ० |
| २०८२/८३ | ४६० | ३६८ | ९२ | ० | ० | ४६० | ० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वित्तिय संस्था तथा सहकारी प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | सहकारी तथा वित्तिय संस्थाको क्षमता अभिवृद्धी, वित्तिय साक्षरता तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | 1325 | सहकारीको क्षमतामा अभिवृद्धि तथा वित्तिय सेवामा सर्वसाधारणको पहुँच हुनेछ। |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँवासीहरुमा वित्तीय सेवा विस्तार भएको हुनेछ । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन्। वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ।

## ३.६ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३.६.१ पृष्ठभूमि

गल्छी गाउँपालिकाको युवा श्रमशक्तिको ठूलो हिस्सा परम्परागत कृषि पेशामा निर्भर छ। त्यस्तै यहाँका १००० भन्दा बढि जनशक्ति स्थानीय उद्योग, ब्यवसाय, होटेल लगायतका क्षेत्रमा दक्ष तथा अदक्ष श्रमीकको रुपमा कार्यरत छन्। ५०० भन्दा बढी श्रमशक्ति सेना तथा बैदेशिक रोजगारीमा रहेका छन्। गाउँपालिका क्षेत्रमा उत्पादनशील उद्योग, निर्माण क्षेत्र, यातायात, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि तथा पशुपालन क्षेत्रमा रोजगारीका अवसरहरु रहेका छन्।
यस गाउँपालिकाका कुल घरधुरीमध्ये करिव १० प्रतिशत परिवार ६ महिनाभन्दा कम अवधि मात्र आफनै उत्पादनमा निर्भर छन्। यस बाहेकको अवधिका लागि उनीहरु व्यापार, व्यवसाय, रोजगारी, ज्याला मदजुरी तथा अनौपचारिक क्षेत्रमा रोजगारीका लागि जानुपर्ने हुन्छ। यस गाउँपालिकाका करिव १० प्रतिशत बासिन्दामा गरिबीको अवस्था असाध्यै जोखिमपूर्ण रहेकाले गाउँपालिकाको तर्फबाट विशेष नितिगत कार्यक्रमको आवश्यकता छ। समग्रमा, देशको गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च रहेको देखिन्छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको हुँदा नेपाल सरकार तथा प्रदेश सरकारसँगै यस गाउँपालिकाले पनि यी लक्ष्यहरुको प्राप्तिका लागि क्रियाशील रहेको छ।

### ३.६.२ समस्या तथा चनौति

यस गाउँपालिका क्षेत्रका युवाहरुमा पनि अन्तरदेशीय तथा वाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ। युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने विडम्बनापूर्ण अवस्था यहाँ रहेको छ।
औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार दक्ष श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ। दक्ष जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ।

### ३.६.३ सोच

"रोजगारी प्रवद्र्धन मार्फत आर्थिक सवलीकरण"

### ३.६.४ उद्देश्य

१. युवा जनशक्तिलाई बजार माग अनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास गर्नु।
२. सरोकारवालासँगको सहकार्यमा स्थानीय श्रम बजारमा आवश्यक सीप, दक्षताको सम्बन्धी अध्ययन तथा श्रम बजारको व्यवस्थापन गर्नु।

### ३.६.५ रणनीति

१. स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने।
२. स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने।
३. स्थानीय क्षेत्रमा कार्यरत श्रमिकहरूको विस्तृत विवरण सहितको लगत तयारगरी नियमित अद्यावधिकगर्ने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | २० | १९ | १४ | २० | २५ |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्य दिन | ९७ | ८७ | १०० | १०० | १०० |
| युवा जनशक्तिको सीप अभिवृद्धि | जना | ५० | ८० | १५० | २५० | ४०० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८४३० | ४२१५ | ४२१५ | ० | १०३० | ७४०० | ० | ० |
| २०८१/८२ | ८९४१ | ४४७१ | ४४७१ | ० | १२९१ | ७६५० | ० | ० |
| २०८२/८३ | ९२२८ | ४६१४ | ४६१४ | ० | १३२८ | ७९०० | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | सुरक्षित आप्रावसान सम्बन्धी सूचना, जानकारी प्रदान गर्नु तथा बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | | 23000 | न्युन आय भएका बार्षिक २००० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । तथा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले परामर्श सेवा प्राप्त गरेका हुनेछन् । |
| २ | रोजगार प्रवर्द्धन सालवसाली कार्यक्रम | | | 3600 | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरेको हुनेछ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ । गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन्। प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

पूर्ण साक्षर गाउँपालिका घोषणा भइ सकेको गल्छी गाउँपालिकाभित्र ३ वटा क्याम्पस (२ सामुदायिक र १ निजी), ३८ विद्यालय (३६ सामुदायिक र २ निजी), ३ वटा सामुदायिक सिकाइ केन्द्र र प्राविधिक धारको १ वटा विद्यालय सञ्चालनमा रहेका छन्। गाउँपालिकाले विद्यालय पूर्वाधार विकास, गुणस्तर सुधार, अंग्रेजी माध्यमबाट शिक्षा, बालमैत्री तथा अर्पागमैत्री पूर्वाधार, विद्युतिय सूचना प्रविधिको उपयोग विस्तार र शिक्षक क्षमता विकासको नीति लिएको छ। गाउँपालिकाभित्र रहेको कुल प्रारम्भिक बाल विकास केन्द्रको संख्या ३४ रहेको छ। शिक्षक विद्यार्थी अनुपान २७ प्रतिशत रहेको यस क्षेत्रमा शैक्षिक सत्र २०७७ अनुसार विद्यालयमा कुल ६७९७ जना विद्यार्थी अध्ययनरत रहेका छन्। पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी संख्या ९७ प्रतिशत रहेको छ। प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध रहेको छ। विद्यालय नर्स कार्यक्रम ३ वटा विद्यालयमा कार्यान्वयनमा रहेको छ। गाउँपालिकामा गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण भएको छ। पछिल्लो दिनमा विद्यालय शिक्षामा पहुँच र गुणस्तरमा सुधार हुँदै गएको छ।

### ४.१.२ समस्या तथा चूनौति

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, प्राविधिक विद्यालय नहुनु, लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुँचको कमी, विद्यालयमा शैक्षिक सामग्रीको कमी, वाल विकास केन्द्र व्यबस्थीत नहुनु, शिक्षकहरूमा पेशागत दक्षतामा कमी हुनु, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, शिक्षक तालिमको कमी, शिक्षकहरूको स्थायीत्व (फेरवदल भई रहने नहुनु, मातृ भाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन।
समावेशी र गुणस्तरिय शिक्षाको पहुँचको सुनिश्चितता, कक्षा छाड्ने र दोहोर्‍याउने दर घटाउनु, प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु, शैक्षिक पूर्वाधारको विकास, शिक्षण र सिकाई दरमा सुधार गर्नु, विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु, आदि यस क्षत्रेका प्रमुख समस्या हुन्।

### ४.१.३ सोच

"गुणस्तरीय शिक्षा, हाम्रै सन्ततिका लागि"

### ४.१.४ उद्देश्य

१. गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु।
२. विद्यालय शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु।
३. प्राविधिक शिक्षालाई सर्वसुलभ वनाई मध्यम तहको प्राविधिक जनशक्ति उत्पादन गर्नु।
४. कक्षागत ज्ञान र सीपलाई उद्यमशिलता तथा र श्रम बजारसँग जोडी रोजगारी सिर्जना गर्नु।

### ४.१.५ रणनीति

१. आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने।
२. शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने।
३. शिक्षण सिकाई दर बढाउने।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने।
५. अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ८५ | ९० | ९३ | ९५ | १०० |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९४ | ९६ | ९७ | ९९ | १०० |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ८५ | ८८ | ९० | ९३ | ९५ |
| १५देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| विद्युतमा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | ० | १२ | २५ | ५० | ७० |
| खानेपानी सरसफाइ स्वच्छता सेवा उपलब्ध विद्यालय | प्रतिशत | ६० | ८० | ८५ | ९५ | १०० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ८० | ८० | ८० | ८५ | ९० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| प्राविधिक धार भएका विद्यालयको संख्या | संख्या | १ | १ | १ | २ | २ |

## ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८५८२८ | १५७९५४ | २७८७४ | ० | ३५८६० | १४९४०० | ५६८ | ० |
| २०८१/८२ | १९७०९५ | १६७५३१ | २९५६४ | ० | ३८५२० | १५७९७५ | ६०० | ० |
| २०८२/८३ | २०३४२७ | १७२९१३ | ३०५१४ | ० | ४१३५० | १६१४२७ | ६५० | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा कार्यक्रम | विद्यालय शिक्षामा सबैको पहुच पुर्याई विद्यार्थी विद्यालयमा झिकाउने टिकाउने सिकाउने तथा बिकाउनको लागि आवश्यक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु | | ३९०००० | विद्यालयमा सबैको पहुच सुनिष्चितता हुनेछ। शैक्षिक गुणस्तरमा वृद्धि हुनेछ। विद्यालयका भौतिक आवश्यकता सयानुकुल विकास हुनेछ। |
| २ | नमूना तथा विशेष विद्यालय पुर्वाधार कार्यक्रम | प्रशासनिक कामलाई योजनाबद्ध बनाउने | | ३०००० | गाउँपलिका भित्रका विद्यालयका प्रशासनिक कार्यहरु योजनामा आधारित बन्नेछ |
| ३ | कला तथा संस्कृति संरक्षण तथा शैक्षिक प्रवर्धन कार्यक्रम | अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने | सालवसाली | 166351 | विद्यार्थीले अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने अवसर प्राप्त हुनेछ। |

## ४.१.९ अनुमान तथा जोखिम

गाउँपालिकाबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो। संविधानले पनि आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ। १५ सैयाको निर्माणाधिन अस्पताल रहेको तथा चिकित्सक सेवा सहितको सुबिधा स्थानीयस्तरमा उपलब्ध रहेको यस क्षेत्रमा स्वास्थ्य संस्था उपलब्ध स्वास्थ्य सेवाका अतिरिक्त संघीय राजधानी काठमाण्डौंमा उपलब्ध विशिष्टकृत स्वास्थ्य सेवामा निकटतम भौगोलिक दुरी र सडक यातायातको सुलभ सुविधाको कारण सहज पहुँच रहेको छ। गल्छी गाउँपालिका क्षेत्रमा १ अस्पताल, २ वटास्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा आयुर्वेद औषधालय, ३ वटा वर्थिङ सेण्टर, ७ गाउँघर क्लिनिक र १० वटा खोप क्लिनिक रहेका छन्। गाउँपालिकाले बैरेनी अस्पताललाई २५ शैयाको अस्पतालमा रुपान्तरण गर्ने नीति लिई पुर्वाधार निर्माणको काम अन्तिम चरणमा पुगेको छ। अधिकृत स्तरको ६ वटा, सहायक स्तरको २३ वटा गरी .कुल २९ जना स्वीकृत दरवन्दी रहेकोमा मेडिकल अधिकृत १ जना, अधिकृत छैटौं तह ४ जना, सहायक पाँचौ १७ जना, सहायक चौंथो ९ जना र कार्यालय सहयोगी १२ जना, एम्बुलेन्स चालक १ जना र विद्यालय नर्स पाँचौ तह ३ जना गरी ४७ जना जनशक्ति कार्यरत रहेको छ। स्वास्थ्य क्षेत्रमा सुआहरा गैससको सहयोग रहेको छ। कुपोषणको अवस्थामा सुधार हुँदै गएको यस क्षेत्रमा एक स्थानमा सुरक्षित गर्भपतन सेवा रहेको छ। कुल २३ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेका छन्। मापदण्ड अनुसारको २ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन रहेको यस क्षेत्रमा ८६ प्रकारका औषधी निशुल्क उपलब्ध रहेको छ। यस क्षेत्रमा परिवार नियोजन साधनको प्रयोग दर करिब १६ प्रतिशत रहेको छ। कुल ९० प्रतिशत संस्थागत सुत्केरी हुने अभ्यास रहेको छ भने प्रोटोकल अनुसार ४ पटक गर्भ परिक्षण गर्ने गर्भवती सुत्केरी ८१ प्रतिशत रहेको देखिन्छ। स्थानीय स्वास्थ्य संस्थामा ल्याव, ओपिडी र खोप, पोषण, परिवार नियोजन, आमा सुरक्षा, क्षयरोग, कुष्ठरोग, ग्रामीण अल्टा साउण्ड सेवा, मलेरिया तथा महामारी नियन्त्रण सेवा उपलब्ध रहेको छ। गाउँपालिका क्षेत्रभित्र एक वटा एम्बुलेन्स सञ्चालनमा रहेको छ। कोभिड–१९ नियन्त्रणका लागि मापदण्ड पालनामा जोड दिएको यस गाउँपालिकामा एन्टिजेन तथा पिसिआर परिक्षणका लागि नमूना संकलन सेवा उपलब्ध रहेको छ। हालका दिनमा स्वस्थ्य क्षेत्रका सूचकहरुमा सकारात्मक परिवर्तन हुँदै गएको देखिन्छ।

### ४.२.२ समस्या तथा चूनौति

स्वास्थ्य क्षेत्रमा उल्लेखनिय सुधार भएको भएता पनि गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषण सुबिधामा सहज पहुँच स्थापित हुन सकेको छैन भने स्वास्थ्य क्षेत्रमा जनचेतनाको कमी रहेको छ। स्थानीय स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको १ वटा हेल्थपोष्टका र २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द गरी कुल ३ वटा भवन, खोप केन्द्र तथा गाउँघर क्लिनीकको भवनको कमी रहेको छ। बैरेनी अस्पताल बाहेकका सबै स्वास्थ्य संस्थामा ल्याव सेवाको कमी रहेको छ। स्वास्थ्य संस्थामा स्तनपान कक्ष, व्यवस्थित घेराबार, मापदण्डअनुसारका शौचालय र हस्पिटलजन्य फोहोर व्यवस्थापनको कमी रहेको छ। स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्न भौगोलिक विकटता र एम्बुलेन्स सेवाको कमी रहेको छ। वृद्धि अनुगमन गरिएका २ वर्ष मुनिका कुल बालबालिका मध्ये ०.४ प्रतिशत बालबालिकामा कुपोषण रहेको यस क्षेत्रमा पोषण तथा स्वस्थ आहार सम्बन्धी चेतनाको कमी रहेको देखिन्छ। आमडाँडा तथा कार्कीडाँडा आधारभूत स्वास्थ्य एकाइमा इन्टरनेट सुविधाको कमी रहेको छ। महिला स्वास्थ्य स्वयम सेविका तथा स्वास्थ्यकर्मीलाई क्षमता विकासका अवसरको कमी रहेको छ। बैरनी अस्पताल बाहेकका सबै स्वास्थ्य संस्थामा विद्युतिय हाजिरीको अभ्यास र सिसि क्यामराको उपयोगमा कमी रहेको छ। प्रोटोकल अनुसारको गर्भपरिक्षण नगर्ने महिला करिव १० प्रतिशत रहेको छ। स्थानीयस्तरमा अन्धविश्वास धामी झाँक्रीको अभ्यास कायमै रहेको छ। स्वस्थ खानपानको अभ्यासमा कमी तथा नसर्ने रोगको विस्तार हुँदै गएको देखिन्छ। वृद्धि अनुगमनमा नियमितताको कमी रहेको यस क्षेत्रमा स्वास प्रस्वास संक्रमण दर उच्च रहेको छ। नियमित स्वास्थ्य परिक्षणको अभ्यास न्यून रहेको यस क्षेत्रमा रोग लुकाउने प्रचलन उच्च रहेको छ। स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वयंम सेविकाका लागि क्षमता विकासका अवसरमा कमी रहेको छ। सहज स्वास्थ्य सुबिधा तथा स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ।

### ४.२.३ सोच

"सक्षम स्वास्थ्य सेवा, खुशी गल्छीवासी"

### ४.२.४ उद्देश्य

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुर्याउनु,

२. सबै वडाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु ।
३. सम्भावित स्वास्थ्य विपद्को पहिचान गरी पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनका लागि संयन्त्र र पूर्वाधार तयार गर्नु ।

४.२.५ रणनीति

१. आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
२. रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने ।
३. वैकल्पीक स्वास्थ्य सेवाको प्रवद्र्धन गर्ने ।
४. स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने ।

४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ० | ९१ | ७० | ६० | ५० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | जना | ६ | ७ | ६ | ६ | ५ |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | जना | १०२ | ७७ | ६० | ५० | ४० |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्यु | जना | १३ | १८ | १० | ८ | ५ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | २५ | ३५ | ४४ | ४५ | ५० |
| मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य÷सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) | प्रतिशत | ५२ | ८३ | ८५ | ९० | ९५ |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९१ | १०० | १०० | १०० | १०० |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ० | ० | ० | ० | ० |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९८ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ३० | ५४ | ६० | ६५ | ७० |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ९१ | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ७ | ८ | ९ | ९ | १० |

४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६०८९० | ५१७५७ | ९१३४ | ० | ३४४२२ | २४४८४ | १९८४ | ० |
| २०८१/८२ | ६४५८२ | ५४८९५ | ९६८७ | ० | ३५००० | २७५८२ | २००० | ० |
| २०८२/८३ | ६६६५७ | ५६६५८ | ९९९९ | ० | ३७५०० | २७०३२ | २१२५ | ० |

४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा प्रवाह | स्वास्थ्य संस्थामा निरन्तर रुपमा वितरण गरिने ९८ प्रकारका औषधि उपलब्ध गराई अत्यावश्यक औषधिको बाह्रै महिना उपलब्धता सुनिश्चित गर्ने। | ८०÷८१ – २०८२÷८३ | 60000 | सबै स्वास्थ्य संस्थामा नि शुल्क प्रदान गरिने औषधि नियमित रुपमा प्रदान गरीएको ले सेवामा प्रभावकारिता हुने |
| २ | स्वास्थ्य क्षेत्र सुशासन कार्यक्रम | स्वास्थ्य संस्थाको न्युनतम मापदण्ड अनुसार सेवा प्रदान गर्न। | २०८०।०८१ देखि २०८२।२०८३ | 4500 | |
| ३ | आयुर्वेद सेवा कार्यक्रम | विभिन्न समयमा देखिन सक्ने विभिन्न विपदको समयमानै व्यवस्थापन गर्नुको साथै महामारी रोग नियन्त्रण गर्नु। | २०८०।०८१ देखि २०८२।२०८३ | २१०० | |
| ४ | खोप सेवा र CBIMNCI कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम | कोभिड तथा नियमित खोपको पूर्ण खोप सुनिश्चतता गरी खोप लगाउन छुट भए नभएको एकिन गर्नुका साथै छुट भएमा खोप पुरा गर्नु। खोपको कभरेज बढाउनुको साथै ड्रपआउट दर घटाउन । | २०८०।०८१ देखि २०८२।२०८३ (तिन आ.व. मा नै निरन्तर गर्नुपर्ने) | 125529 | |

४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ। दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ।
स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्नसक्ने जोखिम रहन सक्दछ।

## ४.३ खानेपानी तथा सरसरफाई

४.३.१ पृष्ठभूमि

स्वच्छ खानेपानीमा सहज पहुँच सुनिश्चित हुन नसकेको यस क्षेत्रमा खानेपानीको दिगो व्यवस्थापन तथा व्यवस्थित सरसफाईका अभ्यास स्थापित हुन सकेको छैन। करिव २ प्रतिशत घरमा शौचालय नरहेको देखिन्छ। प्लास्टिक तथा सिसाजन्य फोहोरको व्यवस्थापन तथा घरबाट निस्कने फोहोरको व्यवस्थापनको अभ्यासमा कमी रहेको छ। ल्याण्डफिल्ड साइड निर्माण हुन सकेको छैन। नागरिकको जमघट हुने बजार क्षेत्र गल्छी, बैरनी र मासटारमा सार्वजनिक सौचालयको ् कमी रहेको छ। निजी शौचालयको सरसफाइको अभ्यासमा कमी रहेको छ। गाउँपालिकाका कुल घरपरिवारको २८.५ प्रतिशत घरपरिवारमा पाइप धारको खानेपानी सुविधाको उपलब्धतामा कमी रहेको छ। खानेपानी तथा सरसफाइ गुरुयोजना तयार हुन नसकेको यस क्षेत्रमा खानेपानीको गुणस्तर परिक्षण नियमिततामा कमी रहेको छ। स्वास्थ्य तथा सरसफाइ सम्बन्धी आनिबानीमा अपेक्षित सुधार हनु नसकेको यस क्षेत्रमा खानेपानी तथा सरसफाई क्षेत्रमा व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको योगदान आशातित रुपमा हुन सकेको छैन।

४.३.२ समस्या तथा चूनौति

स्वच्छ खानेपानीमा सहज पहुँच सुनिश्चित हुन नसकेको यस क्षेत्रमा खानेपानीको दिगो व्यवस्थापन तथा व्यवस्थित सरसफाईका अभ्यास स्थापित हुन सकेको छैन। करिव २ प्रतिशत घरमा शौचालय नरहेको देखिन्छ। प्लास्टिक तथा सिसाजन्य फोहोरको व्यवस्थापन तथा घरबाट निस्कने फोहोरको व्यवस्थापनको अभ्यासमा कमी रहेको छ। ल्याण्डफिल्ड साइड निर्माण हुन सकेको छैन। नागरिकको जमघट हुने बजार क्षेत्र गल्छी, बैरनी र मासटारमा सार्वजनिक सौचालयको कमी रहेको छ। निजी शौचालयको सरसफाइको अभ्यासमा कमी रहेको छ। गाउँपालिकाका कुल घरपरिवारको २८.५ प्रतिशत घरपरिवारमा पाइप धारको खानेपानी सुविधाको उपलब्धतामा कमी रहेको छ। खानेपानी तथा सरसफाइ गुरुयोजना तयार हुन नसकेको यस क्षेत्रमा खानेपानीको गुणस्तर परिक्षण नियमिततामा कमी रहेको छ। स्वास्थ्य तथा सरसफाइ सम्बन्धी आनिबानीमा अपेक्षित सुधार हनु नसकेको यस क्षेत्रमा खानेपानी तथा सरसफाई क्षेत्रमा व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको योगदान आशातित रुपमा हुन सकेको छैन।
'एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खानेपानीका मूहानको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पूनर्निर्माण र पूनरुथापन गर्नु, सरसफाइको अभ्यास वढाउनु आदि प्रमुख चुनौती हुन।

४.३.३ सोच

"स्वच्छ सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सुविधा"

४.३.४ उद्देश्य

१. गाउँपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु।
२. गाउँपालिकाको ढल निकास प्रणाली विकास गर्नु।

४.३.५ रणनीति

१. घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने।
२. सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास वढाउने।
३. सवै वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने।
४. गाउँपालिकाको ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने।

४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| पक्की शौचालय भएका परिपरिवार | प्रतिशत | ८५ | ९२ | ९४ | ९६ | ९८ |
| गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार | प्रतिशत | ५० | ५५ | ६० | ७५ | ९० |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | ० | १ | ० |
| गाउँपालिकाबाट नियमित फोहर संकलन हुने घरपरिवार | प्रतिशत | ६० | ६५ | ७० | ८० | ८५ |

४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १६००० | ३२०० | १२८०० | ० | ० | ११५०० | ४५०० | ० |
| २०८१/८२ | १६९७० | ३३९४ | १३५७६ | ० | ० | १२३९५ | ४५७५ | ० |
| २०८२/८३ | १७५१५ | ३५०३ | १४०१२ | ० | ० | १२८६५ | ४६५० | ० |

४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | छहरा सिरवानी कार्कीडाडाँ अदुवाबारी खानेपानी | खानेपानी सुविधा सुचारु गराउनु | सालवसाली | 11500 | |
| २ | खानेपानी सरसफाइ कार्यक्रम तथा पानी परीक्षण सालबसाली कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | सालवसाली | 38985 | |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ। सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधान, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनासहित दिगो विकास लक्ष्यले लक्षित वर्गको हित तथा सामाजिक समावेशीकरणलाई महत्व दिएको छ। गल्छी गाउँपालिकामा लैगिक नीति तयार भएको छ भने लक्षित वर्गअन्तरगत महिला सञ्जाल गठन र कृयाशिल रहेको छ। जेष्ठ नागरिक समिति र अपागं समिति वडास्तरमा गठन भएर कृयाशिल भएका छन्। अनाथ तथा आमा बाबु विहिन कुल ३१ जना बालबालिकाकालाई गाउँपालिकाको तर्फबाट आर्थिक सहयोग उपलब्ध रहेको छ। ग वर्गको अपांगता भएका व्यक्तिलाई मासिक रु. ५०० का दरले एकमुष्ट वार्षिक रुपमा रु. ६००० उपलब्ध गराइएको छ। बालमैत्री स्थानीय शासन कार्यान्वयनको क्रममा रहेको छ। गाउँपालिकाभित्र कुल ४० वटा महिला समूह, १० वटा स्वास्थ्य आमा समूह र ६ वटा महिला सहकारी रहेका छन्। सबै विद्यालयमा लैगिंक फोकल व्यक्ति र गुनासो पेटिका तथा हेल्प लाइनको जानकारी रहेको रहेको छ। सेनिटरी प्याडको वितरण कक्षा ६ भन्दा माथीको कक्षा सञ्चालन भएका सबै विद्यालयमा रहेको छ। यस क्षेत्रका कुल ४ वडा माध्यमिक विद्यालयमा सेनिटरी प्याड भेण्डिङ मेसिन राखिएको छ। एकल महिला, दलित, बालबालिका, जेष्ठ नागरिकका लागि कार्यक्रम सञ्चालनमा रहको छ। अपांगता भएका व्यक्तिका लागि अपांग कल्याण संघ मार्फत कार्यक्रम सञ्चालनमा रहेको छ। पूर्ण असक्त अपांगता भएका ४ जनाका लागि पुनस्थापना केन्द्रमा आश्रयमा राखिएको छ। सामाजिक सुरक्षा कार्यक्रम सहज हुँदै गएको छ। अपांग कल्याण संघ, गुप्तेश्वरी अपांगता संघ, परिलक्षित नेपाल जस्ता संस्थाले लक्षित वर्गको क्षेत्रमा काम गर्ने गरेको छ। लक्षित वर्गको सहभागिता सबै क्षेत्रमा हुने गरेको छ भने लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहमा सम्बन्धमा सचेताना कार्यक्रम कार्यान्वयनमा रहेको छ। बैरेनीमा स्तनपान कक्ष सहितको नमूना शौचालय निर्माणधिन अवस्थामा रहेको छ।
सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सहभागिता वृद्धि हुँदै गएको छ। लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएको छ। लक्षित वर्गका लागि रोजगारी, सीप विकास र सहभागिताका विशेष अवसरहरू रहेका छन्।

### ४.४.२ समस्या तथा चूनौति

संवैधानिक तथा नीतिगत व्यवस्था बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा सकारात्मक परिवर्तनह रू देखिए तापनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सहभागिता न्यून रहेको छ। लक्षित वर्ग सञ्जाल गठन तथा परिचालन प्रभावकारी हुन सकेको छैन। बालमैत्री स्थानीय शासन कार्यान्वयन हुन सकेको छैन। घरेलु हिंसाका घटना लुप्त रुपमा रहेका छन। अपांगमैत्री, बालमैत्री तथा जेष्ठ नागरिकमैत्री सा र्वजनिक पूर्वाधारको कमी रहेको छ। छुवाछुतको अभ्यास विभिन्न स्वरुपमा रहेको कायम रहेको छ। अन्धविश्वास, गलत सामाजिक अभ्यास र व्यवहार कायम रहेको छ। आधुनिक जीवनशैलीले जेष्ठ नागरिकको जीवन यापन कठिनाइपूर्ण भएको छ। लक्षित वर्गको स्वरोजगारीका अवसरको कमी रहेको छ भने दलित तथा जनजातिमा गरिवी व्यापकता रहेको छ। बाल हिंसा, महिला हिंसा, जेष्ठ नागरिक हिंसा, बाल कमी रहेको छ भने दलित तथा जनजातिमा गरिवी व्यापकता रहेको छ। बाल हिंसा, महिला हिंसा, जेष्ठ नागरिक हिंसा, बाल विवाह तथा बहु विवाहको अभ्यास कायमै रहेको छ। छोरा छोरी विभेद कायम रहेको यस क्षेत्रमा लिगं पहिचान गरी भ्रुण हत्याको विवाह तथा बहु विवाहको

अभ्यास कायमै रहेको छ। छोरा छोरी विभेद कायम रहेको यस क्षेत्रमा लिगं पहिचान गरी भ्रुण हत्याको अभ्यास रहेको वृद्धि हुँदै गएकाअभ्यास रहेको वृद्धि हुँदै गएको छ। बाल बालिकामा डिजिटल एडिक्सन कायम रहेको छ भने बालबालिकामा दुर्वसनमा.वृद्धि हुँदै छ। बाल बालिकामा डिजिटल एडिक्सन कायम रहेको छ भने बालबालिकामा दुर्वसनमा.वृद्धि हुँदै गएकोगएको छछ। अन्तरशाखा समन्वयको कमीले लक्षित वर्गसम्बन्धी सूचनामा कमी रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा। अन्तरशाखा समन्वयको कमीले लक्षित वर्गसम्बन्धी सूचनामा कमी रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैननजनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन्ु। पिछडिएको वर्गमा काना पिछडिएको वर्गमा कानून तथा अधिकारसम्बन्धमा जानकारीको कमी ून तथा अधिकारसम्बन्धमा जानकारीको कमी रहेको छ। लक्षित वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसरमा कमी रहेको छ। लक्षित वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसरमा कमी रहेको छ।

४.४.३ सोच

"लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रत्याभूति सहितको विकास"

४.४.४ उद्देश्य

१. गाउँपालिकालाई महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा समावेशी नीति तयार गरी लागू गर्नु।
२. महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक सामाजिक अधिकार सुनिश्चित गर्दै सम्मानित जीवन यापनको आधार तयार गर्नु।
३. विभेद, हिंसा तथा कुप्रथाहरुको अन्त्य गर्नु।

४.४.५ रणनीति

१. महिलाहरूलाई सामाजिका आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने,
२. वञ्चितीकरण र भेदभावमा परेका वर्ग र समूदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने,
३. बालबालिका, किशोर किशोरीको श्रृजनशील्ताको विकास गर्ने,
४. अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच वढाउने,
५. जेष्ठ नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने,

४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | x | x | ० | ० | ० |
| गाउँपालिकाभित्र रहेका सडक बालबालिका | संख्या | x | x | ० | ० | ० |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | x | x | ० | ० | ० |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | x | x | ० | ० | ० |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला र किशोरी | प्रतिशत | x | x | ० | ० | ० |
| बेचविखनमा परेका महिला, किशोरी तथा बालिकाहरू | संख्या | x | x | ० | ० | ० |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | ३८ | ४५ | ४५ | ४५ | ४५ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ३५ | ३८ | ३८ | ३८ | ३८ |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | १७ | १७ | २० | २५ | ३० |
| गाउँपालिका स्तरीय संघ÷महासंघमा महिलाको सहभागिता | प्रतिशत | ३० | ३५ | ३८ | ४० | ४५ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | २५ | २५ | ३० | ३५ | ४० |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिकाले गठनगरेका संरचनाहरु (महिला, बाल, अपांगता जेष्ठ नागरिक) | संख्या | १४ | १४ | ३० | ३४ | ४० |

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६०९२ | ५१७८ | ९१४ | ० | ० | ५४२० | ६७२ | ० |
| २०८१/८२ | ६४६१ | ५४९२ | ९६९ | ० | ० | ५७५६ | ७०५ | ० |
| २०८२/८३ | ६६६९ | ५६६९ | १००० | ० | ० | ५९१९ | ७५० | ० |

४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम | महिला बालबालिका, अपांगता तथा जेष्ठ नागरिकहरुको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुर्याउनु | सालबासाली | १९२२२ | बार्षिक ९०० जना महिला बालबालिका, जेष्ठ नागरिक तथा अपांगता भएका ब्यक्तिहरु लाभान्वित हुनेछन्। |

४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला बालबालिका तथा लक्षितबर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ।

## ४.५ युवा तथा खेलकुद

४.५.१ पृष्ठभूमि

वर्तमान संविधानको व्यवस्था अनुसार राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्नु रहेको छ। स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्र्ने माध्यमको रूपमा वि कास गर्ने कुरालाई वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले महत्व दिएको छ। बागमती प्रदेशको पहिलो आवधिक योजनाले युवा उद्यमशिलता तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यका साथ युवालाई आत्मनिर्भरताका अवसरहरु प्रदान गर्ने नीति लिएको देखिन्छ।

गाउँपालिकास्तरमा खेलकुद प्रतियोगिता आयोजना हुने गरेको छ भने स्थानीय क्लव मार्फत पनि खेलकुदको आयोजना हुने गरेको छ। वडा नं. ८ मा गाउँपालिका स्तरीय खेल मैदान निमार्णधीन रहेको छ। हरेक वडामा एक युवा क्लव गरी ८ वटा युवा क्लव सकृय रहेका छन्। खेलकुद सामग्री वितरण गर्ने अभ्यास रहेको छ। यस क्षेत्रमा साइक्लिङको एक जना राष्ट्रिय खेलाडी रहेका छन्। सि डिभिजन अन्तरगतका खेलाडी छनौट हुने गरेको छ। स्थानीय स्तरमा व्यवसायीक कृषिमा संलग्न युवा १५० जना रहेका छन्। राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवा सहभागिता उल्लेखनिय रहेको छ।

४.५.२ समस्या तथा चूनौति

युवा स्वरोजगारीका अवसरको कमी तथा बेरोजगारी तथा युवा पलायनको प्रवृति व्यापक रहेको छ। युवाका लागि विश्वासनिय र मर्यादित रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ। युवा कुलत तथा दुर्वेसनमा बढदो रहेको छ। बैदेशिक रोजगारीमा

उच्च आक्रर्षण रहेको छ। खेलमैदान तथा खेल सामग्रीको उपलब्धतामा कमी रहेको छ। खेलकुदमा प्रशिक्षण तथा नियमित अभ्यासमा कमी रहेको छ भने स्तरीय खेल मैदानको पनि कमी रहेको छ। युवाका लागि सहुलियत ऋण उपलब्धतामा कमी रहेको छ। युवा आत्मनिर्भरता र स्वरोजगारीका अवसरमा कमी रहेको छ। युवाका लागि सीपमूलक तालिम, स्वरोजगारी र आत्मनिर्भरताको भावनामा कमी रहेको छ। राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता तथा चासो न्यून रहेको छ। युवा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारीतामा कमी रहेको छ।

४.५.३ सोच

“व्यवसायिक तथा स्वरोजगार युवा मार्फत सर्वाङ्गिण विकास”

४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु।
२. खेलकुदको विकास गर्नु,
३. युवा जनशक्तिलाई प्राविधिक शिक्षातर्फ आकर्षण गर्नु।

४.५.५ रणनीति

१. युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने,
२. खेलकुद पूर्वाधारको विकास गर्ने,
२. खेल लगायत वौद्धिक कृयाकलापमा युवा सहभागिता बृद्धि गर्ने।
३. युवाहरूमा सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व विकासकालागि नियमित कार्यक्रम सञ्चालन गर्ने।

४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ७० | ६० | ५० | ४० | ३० |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | ० | ० | १०० | २५० | ४०० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | ८ | ८ | ९ | ९ | ९ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | १ | १ | २ | २ | २ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | २०० | २५० | ४०० | ५०० | ७०० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | १ | १ | २ | २ | २ |

४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०० | ५० | ५० | ० | ० | १०० | ० | ० |
| २०८१/८२ | १०६ | ५३ | ५३ | ० | ० | १०६ | ० | ० |
| २०८२/८३ | १०९ | ५५ | ५५ | ० | ० | १०९ | ० | ० |

४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ्ग शिल्ड तथा एक वडा एक खेलकुद कार्यक्रम लगायत खेलकुद | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | 316 | गाउँपालिका स्तरिय खेल प्रतिभा प्रस्फुटन हुनेछ। सिप सिकेर उद्यम गर्ने जनशक्ति वृद्धि हुनेछ। |

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | विकास तथा प्रवर्द्धन कार्यक्रम | | | | |

४.५.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

४.६.१ पृष्ठभूमि

सामाजिक सुरक्षा नागरिकको अधिकार हो । यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पुर्‍याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ । गल्छी गाउँपालिकाले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँ विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

४.६.२ समस्या तथा चूनौति

महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । बाल संवेदनशील सामाजिक सुरक्षाको कार्यान्वयन हुन सकेको छैन । बालपोषण भत्ता पर्याप्त छैन । बैंकको सुविधा वडा वडामा सहज नहुँदा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या छ । घुम्ती सेवा कार्यान्वयन हुन सकेको छैन् । सामाजिक सुरक्षा सम्वन्धी सचेतना नहुँदा नविकरण समयमा नहुने पनि समस्या छ । स्वास्थ्य विमामा अझै सबै परिवार जोडिन सकेका छैनन् । सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

४.६.३ सोच

“आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण” ।

४.६.४ उद्देश्य

१. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

४.६.५ रणनीति

१. सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।
२. सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने ।

४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ० | ० | ० | ० | ० |
| बेचविखनमा परेका महिला किशोरी र बालिका | संख्या | ० | ० | ० | ० | ० |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ५० | ५५ | ७० | ८५ | ९५ |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | २७८७ | २९५३ | ३००० | ३२०० | ३५०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४९३ | १४१८ | ७५ | ० | ८९३ | ६०० | ० | ० |
| २०८१/८२ | १५८४ | १५०४ | ७९ | ० | ९३४ | ६५० | ० | ० |
| २०८२/८३ | १६३४ | १५५३ | ८२ | ० | ९३४ | ७०० | ० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा, पञ्जीकरण तथा अन्य कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | सालवसाली | ४७११ | ज्येष्ठ नागरिक, दलित, एकल महिला, बिधवा, पूर्ण तथा आंशिक आपंगता भएका व्यक्ति, दलित बालबालिका र १५०० जना लाभान्वित हुनेछन् |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

# परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकामा क्षेत्रमा गाउँपालिका, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायबाट आवास तथा भवन सडक, पूल निर्माण जस्ता विद्युतीकरण जस्ता पूर्वाधार तथा संरचना निर्माण भएका छन्। गाउँपालिकामा बस्ती विकास तथा भवन निर्माण र योजना सम्बन्धी आधारभूत मापदण्ड २०७२ मा आधारित भई पूर्वाधार विकास र निर्माण कार्यहरू सञ्चालन हुँदै आएको छ। साथै गाउँपालिकामा सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्सा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ।

राष्ट्रिय भूउपयोग नीति, २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम गाउँपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरूको बीचमा हरित क्षेत्रको अवधारणा सहितको भूउपयोग योजना बनाउनु जरुरी देखिन्छ। यसैगरी भूउपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ। गाउँपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण गर्र्ने आवश्यकता देखिएको छ।

यस गाउँपालिकामा अझ बलियो निर्माणको अवधारणा अनुसार बस्ती विकास तथा भवन निर्माण र योजना सम्बन्धी आधारभूत मापदण्ड, २०७२ मा आधारित भई नक्सापास कार्यविधि, २०७५ तयार तथा संशोधन समेत हालसम्म २५ वटा घर नक्सापास सम्पन्न भएका छन् र २४ वटा मापदण्ड लागू हुनुपूर्व बनेका भवनको अभिलेखीकरण गरिएको छ। गाउँपालिकाको विभिन्न स्थानको अध्ययन विश्लेषण गर्दा वडा नम्बर १ को टार क्षेत्र र वडा नम्बर ७ को डल्टार क्षेत्रमा एकीकृत र व्यवस्थित बस्ती विकासको लागि उपयुक्त स्थान रहेको छ। गाउँपालिकाको ८ वटा वडाहरूमा १३० स्थानमा गरी करिब २६०८ रोपनी जती सार्वजनिक खुल्ला जमिन उपलब्ध रहेको छ। गाउँपालिकाको ८ वटा वडा कार्यालयहरू मध्ये वडा नम्बर २, ६ र ८ को वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालनमा रहेका छन् भने बाँकी वडाका कार्यालयहरू भवन भाडाको घरमा सञ्चालनमा रहेका छन्। साथै वडा नम्बर २, ३, ५ र ७ को वडा कार्यालय भवन निर्माणाधिन रहेका छन्। त्यस्तैगरी वडा नम्बर ४ को मासटारमा प्रदेश सरकारबाट औद्योगिक क्षेत्र स्थापनमाको लागि संभाव्यता अध्ययनको क्रममा रहेको छ। गाउँपालिकाको वडा नम्बर ८ गोगनपानी, वडा नम्बर ७ को डल्टारमा बस बिसौनी तथा सानो बसबार्क सञ्चालनमा रहेका छन्।

### ५.१.२ समस्या तथा चूनौति

गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण समेत भूउपयोग योजना तथा यातायात गुरुयोजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ। यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ। संघीय राजधानी नजिक र देशकै महत्वपूर्ण राष्ट्रिय पृथ्वी राजमार्ग र पासाङ ल्हामु राजमार्गमा पर्ने औद्योगिक, पर्यटकीय तथा कृषि क्षेत्रको रुपमा विकसित यस गाउँपालिका क्षेत्रमा भवन संहिता २०७२ लागू हुनुभन्दा अगाडि बनेका निजी, व्यवसायिक, सरकारी र सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी भए नभएको यकिन गरी सो अनुसार नियमन हुन सकेको छैन। गाउँपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङ स्थल र यातायातको पक्की सडक नपुगेको वडा र बस्तीहरूमा यातायात सञ्चालन हुन सकेको छैन।

गाउँपालिकाको वडा नम्बर १ को फोस्टार, वडा नम्बर ४ को मासटार, वडा नम्बर ६ को बैरनीबजार, ७ को गल्छी र डल्टार क्षेत्रमा सडक, ढल तथा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, कृषि बजार, पार्क तथा खुल्लास्थान, पार्किङस्थल, खानेपानी लगायतका पूर्वाधार र सूविधाको कमी रहेको छ। राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन। गाउँपालिका क्षेत्रका १२ प्रतिशत बस्ती तथा क्षेत्रहरू कटान तथा ढुवानको समस्याका कारण करिब ६०० जती घरपरिवार पहिरो तथा बाढीको जोखिम रहेका छन्। ग्रामीण

शहरी क्षेत्रका घरहरूमा पनि लाइटिनिङ रडको व्यवस्था नभएको हुँदा आगलागीको जोखिममा रहेका छन् । वन जङ्गल क्षेत्रसँग जोडिएका बस्तीहरूमा मानव वन्यजन्तु द्वन्द्वको समेत जोखिम रहेको छ ।

५.१.३ सोच

"भू उपयोग योजना सहितको दिगो पुर्वाधार, गाउँवासीको जीवनस्तरमा सुधार"

५.१.४ उद्देश्य

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।
२. सडक, ढल, पार्क, मनोरञ्जल स्थल जस्ता आधारभूत शहरी पूर्वाधारहरुको ब्यवस्थापन गर्नु ।

५.१.५ रणनीति

१. न्यूनतम पूर्वाधार सहितको एकीकृत वस्ती विकास गर्ने,
२. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने,
३. भू–उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु ।
४. व्यवसायिक तथा आवासीय भौतिक संरचना र पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्नु
५. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुर्‍याई व्यवस्थित बस्ती विकासको सहज वातावरण तयार गर्नु ।

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ६० | ७५ | ८० | ८२ | ८५ |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ८५ | ९० | १०० | १०० | १०० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु | प्रतिशत | २० | २५ | ३० | ४० | ५० |

५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७७०७१ | ३८५४ | ७३२१७ | ० | ० | ५२०७१ | २५००० | ० |
| २०८१/८२ | ८१७४४ | ४०८७ | ७७६५७ | ० | ० | ५७८६६ | २३८७८ | ० |
| २०८२/८३ | ८४३७० | ४२१९ | ८०१५२ | ० | ० | ५७९४८ | २६४२२ | ० |

५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका प्रशासकीय भवन निर्माण आयोजना | स्थानीय शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | ८०/८१ – २०८२/८३ | 60000 | प्रशासकीय भवन निर्माण सम्मन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ । |
| ३ | आवास, भवन तथा शहरी विकास अन्य मर्मत सम्भार कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | 183185 | आवास, भवन तथा शहरी विकास सम्बन्धी मर्मत सम्भार तथा स्तरोन्नती सेवा सुचारु हुनेछ |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा आवाशीय तथा ब्यवसायिक भवनको मापदण्ड तयार भै यसको कार्यान्वयनबाट भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ। जनचेतनाको स्तर न्यून रहेको र विगत देखिनै प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण बस्ती विकास तथा भवन निर्माण समबन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

यस गल्छी गाउँपालिकामा सडक अधिकार क्षेत्र, मापदण्ड निर्धारण भएको र सडकको वर्गीकरण र नामकरण तर्जुमाको क्रममा रहेको छ। पृथ्वी राजमार्गको कोल्फुखोला, बेल्खुखोला, चिरौदी खोलामा सडक पुल रहेका छन् र त्रिशुल नदीमा गल्छी कल्लेरीटार, जिन्तेटार स्यालटार, मासटार र केउरिनीटार समेत ३ स्थानमा पक्की पुल निर्माणाधिन रहेका छन्। गाउँपालिका भित्र बेल्खु, भुतिया, शितलबजार, केउरिनीटार, महेशदाभान लगायतका स्थानमा गरी १४ वटा झोलुङ्गे पुल सञ्चालन भईरहेका छन्। यसबाट आवतजातमा सहजता र सुविधामा वृद्धि भएको छ। गाउँपालिका क्षेत्रभित्रका १८ प्रतिशत घरपरिवारको पक्की वा कालोपत्र सडक, ३२ प्रतिशत ग्राभेल सडक, ४० प्रतिशत धुले सडक सञ्जालमा जोडिएको र अझै पनि करिब १० प्रतिशत घरपरिवार सडक सञ्जालमा नजोडिएको गाउँपालिकाको वस्तुस्थिति विवरणबाट देखिन्छ।
गाउँपालिकाले सडकको मापदण्ड निर्धारण गरी १४ मिटर क्षेत्राधिकार निर्धारण गरेको छ। जस अनुसार गाउँपालिकाको विभिन्न वडा तथा रणनीतिक स्थलहरू जोड्ने प्रमुख सडकहरू जोड्दा करिब ३०० कि.मि. सडक ट्र्याक खुलेको छ। यस गाउँपालिका नेपालको संघीय राजधानी काठमाडौसँग नजिक रहेको, २ वटा राष्ट्रिय राजमार्ग यस गाउँपालिका भएर गएका र गल्छी भीमढुङ्गा सीतापाइला राष्ट्रिय राजमार्गले पनि यस गाउँपालिका छोएर गएको हुँदा बागमती प्रदेशको राजधानी शहर हेटौडा लगायत भरतपुर र पोखरासँगको अन्तरआवद्धता समेत सहज रहेको छ। यो गाउँपालिका नेपालको कृषि, औद्योगिक, आवासीय र व्यापारिक केन्द्रको विकासोन्मुख रहेको छ।

### ५.२.२ समस्या तथा चूनौति

गाउँपालिका सबै वडा तथा वस्तीहरू सडक सञ्जालमा जोडिन सकेको छैन भने राजमार्गका क्षेत्र, बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन। नेपाल सरकार, प्रदेश र गाउँपालिकाले सडकको मापदण्ड लागू हुन नसक्दा धेरैजसो सडकहरू साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि सडकको अधिकार स्पष्ट नक्साकंन हुन सकेको छैन।
यस गाउँपालिकामामा हालसम्म सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायावायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ। गाउँपालिकाको विभिन्न स्थानमा सडक अधिकार क्षेत्र अतिक्रमण भईरहेको, सडकहरूको रेखाङ्कन, नक्साङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको, सडक सुरक्षाका संकेतहरू नहुँदा दुर्घटनाका घटना भैरहेको, राजमार्गमा पैदलयात्रु पार गर्न सहज क्रसिङ्गको व्यवस्था हुन नसकेको देखिन्छ।

### ५.२.३ सोच

“वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल”

### ५.२.४ उद्देश्य

१. गाउँपालिका केन्द्र, वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सडक यातायातको पहुँच पुर्याउनु।
२. गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु।

### ५.२.५ रणनीति

१. गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्ने।
२. मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने।
३. वैकल्पिक पर्यटन पद मार्ग निर्माण र सञ्चालित पद मार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गर्ने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ३० | ३५ | ४० | ६० | ७५ |
| सडक घनत्व (किमि, वर्गकिमि) | कि.मि. | ० | ० | ० | ० | ० |
| कंक्रिट सडक | कि.मि. | ० | ० | २ | ३ | ४ |
| कालोपत्रे सडक | कि.मि. | २२ | २५ | ३० | ३५ | ४० |
| ग्राभेल सडक | कि.मि. | ७८ | ८२ | ९० | ९५ | १०० |
| कच्ची सडक | कि.मि. | १८७ | २०० | २०० | १९८ | १९५ |
| कुल सडक लम्बाई | कि.मि. | २८७ | ३०७ | ३२२ | ३३१ | ३३९ |

५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९७००० | २९१० | ९४०९० | ० | २१७०७ | ५७८०५ | १७४८८ | ० |
| २०८१/८२ | १०२८८१ | ३०८६ | ९९७९५ | ० | १५१४५ | ६९७५६ | १७९८० | ० |
| २०८२/८३ | १०६१८७ | ३१८६ | १०३००१ | ० | ११८०० | ७५६३७ | १८७५० | ० |

५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा स्तरीय गौरवका सडक आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | ८०/८१ – २०८४/८५ | १२०००० | पक्की सडक निर्माण भएको हुनेछ। |
| २ | ठाडे बान्द्रे रोपाङ खोला विर्तांडाँडा सडक स्तरोन्नति | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | ८०/८१ – २०८४/८५ | २०००० | पक्की सडक निर्माण भएको हुनेछ। |
| ३ | झोलुङ्गे पुल निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | ८०/८१ – २०८४/८५ | १५०० | झोलुङ्गे पुल निर्माण भई सडक सञ्जाल विस्तार भएको हुनेछ। |
| ४ | सडक पुल निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | ८०/८१ – २०८४/८५ | १६४५६८ | पक्की सडक निर्माण भएको हुनेछ। |

५.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। गाउँपालिकाले विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गरेको हुनेछ। सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

५.३.१ पृष्ठभूमि

यस गाउँपालिकाको ८ वटै वटामा विद्युत् सेवा उपलब्ध रहेको छ। बत्ती बाल्नको लागि ९९ प्रतिशत घरपरिवारले बिजुली वत्ती र २० प्रतिशत घरपरिवारले सोलार प्रणालीको प्रयोग हुने गरेको देखिन्छ। कुल ५८४८ घरपरिवारमध्ये ३३ प्रतिशतले सुधारिएको इन्धन मुख्य गरेर एलपी ग्याँस, विद्युत् र बायोग्यासको प्रयोग गर्ने गरेको देखिन्छ। अझ पनि ६७ प्रतिशत घरपरिवारको मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन्। सोमध्ये धुवारहित चुल्हो प्रयोग गर्ने घरपरिवार करिब ५ प्रतिशत रहेको छ। गाउँपालिकाको पृथ्वी राजमार्गमा पर्ने विभिन्न क्षेत्रमा ६ भन्दा बढी बजार क्षेत्र तथा बस्तीहरूमा गरी २०० वटा सडक बत्ती जडान गरिएको छ।

५.३.२ समस्या तथा चूनौति

यस गाउँपालिकामा अझै पनि ६७ प्रतिशत घरपरिवारले खाना पकाउने मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । विद्युत, वायोग्यास, सुधारिएको चुल्हो तथा स्वस्थ ऊर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ । गाउँपालिकाको ग्रामीण क्षेत्रमा विद्युत् पोल तथा ट्रान्समिसन लाईन पुराना रहेको, तारहरू खुला तथा यत्रतत्र छरिएर रहेको र बजार क्षेत्रमा विद्युत् लाइनलाई भूमिगत रुपमा प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरूमा उद्योग व्यवसाय सञ्चालन, सिंचाइको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत् लाईनको कमी रहेको छ । गाउँपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरू बीचको समन्वय र सहकार्य विकासको प्रमुख चुनौतीको रुपमा देखिएको छ ।

५.३.३ सोच

"भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र ब्यवसायिक उपयोग"

५.३.४ उद्देश्य

१. सबै घर धुरीमा भरपर्दो विद्युत सुविधा पुर्याई आय र रोजगारीमा आवद्ध गर्ने ।
२. विद्युत तथा वैकल्पिक उर्जा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु ।

५.३.५ रणनीति

१. विद्युत उत्पादन क्षमता र उपयोग वढाउने ।
२. क्षतिग्रस्त संरचनाको पूनर्स्थापना गर्ने ।
३. विद्युत उपयोग सम्बन्धी नियमित जनचेतना अभिवृद्धि गर्ने ।
४. विद्युत खपत तथा ब्यवस्थापन तथा सुहलियत सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
५. हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने ।

५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ८० | ९० | ९५ | ९७ | ९९ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ८८ | ८० | ७५ | ७० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४० | ३५ | ३० | ३५ | २० |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | ५ | १० | २० | २५ |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ० | ० | ० | ०.५ | १ |

५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८०० | ४० | ७६० | ० | ० | ८०० | | ० |
| २०८१/८२ | ८४९ | ४२ | ८०६ | ० | ० | ८४९ | | ० |
| २०८२/८३ | ८७६ | ४४ | ८३२ | ० | ० | ८७६ | | ० |

५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नविकरणिय उर्जा प्रविधि तथा विद्युतिय चुलो सुधारिएको चुलो लगायत वैकल्पिक तथा स्वच्छ उर्जा प्रवद्र्धन सालवसाली कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | २५२४ | कार्वन उत्सर्जन बार्षिक १० प्रतिशतले कम हुने । |

६.३.९ जोखिम पक्ष तथा अनूमान

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, ब्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

५.४.१ पृष्ठभूमि

गाउँपालिकाको लगभग सबै क्षेत्रमा सूचना तथा सञ्चारमा सुविधाको पहुँच रहेको देखिन्छ । गाउँपालिकाको कुल जनसंख्या मध्ये ९२ प्रतिशत जनसंख्यासँग मोवाइल टेलिफोन र २५० वटा ल्याण्डलाइन टेलिफोन उपलब्ध रहेको देखिन्छ । गाउँपालिकामा बसोबास गर्ने कुल घरपरिवारमध्ये ९३ प्रतिशतसँग टेलिभिजन, ५ प्रतिशतसँग कम्प्युटर र ६० प्रतिशत इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ । गाउँपालिका क्षेत्रभित्र आधा दर्जनभन्दा बढी एफएम स्टेशनको कभरेज रहेको छ ।
गाउँपालिका क्षेत्रभित्र कार्यपालिका कार्यालय, ८ वटा वडा कार्यालयहरू, ६ वटा माद्यामिक विद्यालय ११५ शैयाको अस्पताल निर्माणाधिन रहेको र ५ वटा स्वास्थ्य चौकीहरूमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । गाउँपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न ६ भन्दा बढी प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । गाउँपालिकाको इन्टरएक्टिभ वेबसाइट र सामाजिक सञ्जाल, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाइन मार्फत् सूचनाहरू नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

५.४.२ समस्या तथा चूनौती

गाउँपालिका केही घरपरिवारका सदस्यहरूसँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने मोबाइल डाटा समेत करिब ६० प्रतिशत घरपरिवारमा कम्युटर तथा इन्टरनेट पहुँच नभएको देखिन्छ । कतिपय बस्ती र स्थानहरूमा मोबाइल टेलिफोन सेवाको गुणस्तरीयता कमजोर रहेको छ । गाउँपालिका क्षेत्रभित्र, सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन ।

५४.३ सोच

“प्रविधिमा आधारित विद्युतीय सुशासन”

५.४.४ उद्देश्य

१. गाउँपालिकाको सुचना तथा सञ्चार प्रणालीलाई दिगो र सवल बनाउनु ।
२. सूचना प्रविधि सहितको सेवा प्रणालीलाई सेवाग्राही मैत्री बनाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु ।

५.४.५ रणनीति

१. गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,
२. गाउँपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोगमा जोड दिने,
३. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवद्र्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने ।

५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | २ | ५ | १० | २० | ३५ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ८ | १० | १२ | १५ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५९०० | ८८५ | ५०१५ | ० | ५९०० | ० | ० | ० |
| २०८१/८२ | ६२५८ | ९३९ | ५३१९ | ० | ६२५८ | ० | ० | ० |
| २०८२/८३ | ६४५९ | ९६९ | ५४९० | ० | ६४५९ | ० | ० | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्रि शासन प्रवद्र्धन सालवसाली कार्यक्रम | विद्युतीय सुशासन प्रवद्र्धन गर्नु | सालबसाली | १८६१७ | गाउँपालिका कार्यालय, विषयगत शाखाहरु र ८ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु भएको हुनेछ। |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

सुचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

विगत केही दशक अगाडिका तुलनामा वनको गुणस्तरमा उल्लेख्य वृद्धि भएको छ। उपलब्धमध्येमा कल्लेरीमा रहेको वन बढी घना र राम्रो रहेको छ भने अन्यत्रको वन वृद्धि र विकासको अवस्थामा रहेको देखिन्छ। प्रायसः साल, चिलाउने, कटुस, बोडधँगेरो, भलायोको पुनरुत्पादन दर राम्रो रहेको छ। तुलनात्मक रुपमा कालिकास्थान सा.व., सिम्पानी कालिका सा.व. र मेगलडे सा.व.मा काठको मात्रा बढी रहेको छ। कटुस, बाँस, निगालो, सालको पात, सल्लाको खोटो, अम्रिसो, कुरिलो, चिराइतो, लप्सी, आँप, लिचि, कटहर, तेन्दुपात जस्ता गैरकाष्ठ वन पैदावार÷जडिबुटी पर्याप्त मात्रामा उपलब्ध हुने हुनाले व्यावसायिक स्तरमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ र यिनको बिक्रीका लागि बजारको पनि उपलब्धता रहेको छ। यस गाउँपालिकामा ७१ वटा सामुदायिक वन र २७ वटा कबुलियती वन रहेका छन्। यी दुई प्रकारबाट वनको कुल क्षेत्रफल ४४७०.६४ हेक्ट रहेको छ भने यी दुई प्रकारका वनबाट कुल ६३८८ घरधुरी लाभान्वित भएका छन्।

जैविक विविधता अन्तर्गत यहाँ सुन गोहोरो, अजिंगर, बाघ, सालक जस्ता संरक्षित वन्यजन्तु पनि पाइन्छ भने बाँदर, स्याल, दुम्सी, गोहोरो, मृगजस्ता वन्यजन्तुहरू, काग, सारौ, ढुकुर, भँगेरा, लामपुछ्रे, कालिज, तित्रा, ढुकुर, वन कुखुरा जस्ता जंगली पक्षी धेरै मात्रामा उपलब्ध रहेको छ।

### ६.१.२ समस्या तथा चूनौति

वनले ढाकेको समग्र क्षेत्रफल बढी भए पनि गुणस्तरीय वनको क्षेत्र र काठ भएको वन क्षेत्र निकै सानो रहेको छ। संभावनाअनुसार वनमा आधारित उद्यम व्यवसाय विकास हुन सकेको छैन जसले गर्दा स्थानीय अर्थतन्त्रमा वन क्षेत्रको योगदान नगण्य रहन गएको छ। बैरेनीलगायत अन्य विभिन्न क्षेत्रहरूमा वन ह्रासोन्मुख अवस्थामा रहेको छ। सामुदायिक वन उपभोक्ता समूहहरू उल्लेख्य भए पनि नर्सरी तथा बिरुवा उत्पादनको काम उक्त समूहहरूबाट हुन सकेको छैन। वन डढेलो हरेक वर्ष दोहोरिइरहने एक प्रमुख प्रकोपका रुपमा रहेको भए पनि नियन्त्रणका लागि पर्याप्त साधन, स्रोत र बजेट र प्रयास हुन सकेको छैन।

विद्यमान जैविक विविधताको सर्भेक्षण, अभिलेखीकरण नहुँदा लोपोन्मुख तथा राष्ट्रियि÷अन्तर्राष्ट्रिय रुपमा संरक्षित रहेका यहाँ पाइने जीवजन्तु शिकारी हुने सम्भावना रहेको छ। राजमार्ग क्षेत्रमा खासगरी साल तथा सल्लाका लागि काठ चोरी निकासी हुने गरेको पाइन्छ। सिमल, चाँप अमला जस्ता वनस्पतिहरू लोपोन्मुख अवस्थामा पुगेका छ। खोरिया फडानी र वन अतिक्रमण धेरै रहेको भए पनि नियन्त्रणको प्रयास उल्लेख्य छैन।

### ६.१.३ सोच

“स्वच्छ तथा दिगो पर्यावरण”

### ६.१.४ उद्देश्य

१. वन तथा वातावरणको संरक्षण संवर्द्धन न एवम् प्राकृतिक श्रोतको दीगो उपयोग गर्नु।
२. गाउँपालिका क्षेत्रमा हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गर्नु।

### ६.१.५ रणनीति

१. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवम् विकास गर्ने,
२. वातावरण संरक्षण गर्ने।
३. वन जङ्गल, जडिवुट्टी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारी सँग आवद्ध गर्ने।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पार्क तथा उद्यान | संख्या | ५ | ७ | १० | १२ | १५ |
| संरक्षित तालतलैया पोखरी | संख्या | ० | ० | २ | २ | ३ |
| बृक्षरोपण गरिएको संख्या | संख्या | ४००० | ६००० | ८००० | १०००० | १२००० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ० | ० | ० | ० | ० |
| निजी तथा ब्यवसायिक वागवानी | घरधुरी | ५० | ७५ | १०० | १४५ | १८० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १००० | १०० | ९०० | ० | १००० | ० | ० | ० |
| २०८१/८२ | १०६१ | १०६ | ९५५ | ० | १०६१ | ० | ० | ० |
| २०८२/८३ | १०९५ | १०९ | ९८५ | ० | १०९५ | ० | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्धेश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवद्र्धन, नदि नियन्त्रण सालबसाली कार्यक्रम | हरियाली क्षेत्र विस्तार, नदि नियन्त्रण तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | २५२४ | सामुदायिक वन तथा सार्वजनिक स्थलहरुमा २००० बृक्षारोपण भएको हुनेछ । |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा ब्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ। सार्वजनिक स्थलमा गरिएका वृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवद्र्धन हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

खुला दिशामुक्त क्षेत्र घोषणा भएको र सबै घरमा चर्पी भएकाले र हात धुनेलगायतका व्यक्तिगत स्वच्छता अभ्यासहरू उल्लेख्य रुपमा बढेकाले गाउँटोलको सरसफाइको अवस्थामा पनि उल्लेख्य रुपमा सुधार भएको छ। हाल करिब ९० प्रतिशत घरधुरीमा सफा चर्पीको अभ्यास रहेको अनुमान छ। खासगरी बजार क्षेत्रमा सेफ्टीट्यांकीका फोहोर मेसिनबाट निकालेर विसर्जनका लागि लैजाने अभ्यास रहेको छ। सुकेढुंगा सा.व.मा ल्याण्डफिल साइट निर्माण सुरु भएकाले आगामी दिनमा बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन थप सहज हुने अनुमान गरिएको छ। डुमरी चौर विद्यालयमा बालउद्यान, भल्टारमा उद्यान निर्माणाधीन रहेकाले हरियाली र वातावरणीय सौन्दर्यता बढ्ने अवस्था रहेको छ। गल्छी बजार, अम्लेश्वर महादेव मन्दिर, भल्टार क्षेत्रमा, वडा कार्यालयहरू, विद्यालयहरू, स्वास्थ्य चौकीहरूमा फोहोर संकलन बाक्सा राखिएकाले यस क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्न टेवा पुगेको छ। गाउँ टोल चाडबाडमा बाटोघाटोलगायतका सार्वजनिक स्थलहरू सफा गर्ने प्रचलन रहेको छ।

### ६.२.२ समस्या तथा चुनौति

सडक यातायातबाट निस्कने, प्लाष्टिक जलाउने, गाउँ क्षेत्रमा दाउरा बाल्ने, वन डढेलो आदि कारणबाट वायु प्रदूषण विद्यमान रहेको छ। फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास सुरु भइसकेको छैन। समयअनुसार पानी नपर्ने, अतिवृष्टि, अनावृष्टि,

खण्डवृष्टि, तापमानमा वृद्धि जस्ता जलवायु परिवर्तनजन्य समस्याहरू निरन्तर बढ्दै गएका छन्। विपद्को आवृत्ति, प्रवृत्ति, सघनता निरन्तर बढ्दै गएको भए पनि विपद् जोखिम व्यवस्थापनका लागि दक्ष जनशक्तिको भने अभाव रहेको छ।

फोहोरमैला व्यवस्थापन स्थल (landfill site) निर्माण सुरु भएकाले केही वर्षपश्चात् दृश्य फोहोरमैला कम हुने अनुमान गर्न सकिए पनि स्यानिटरी ल्याण्डफिल साइटको प्रयोग नहुँदा फोहोरमैला रसाएर भूमिगत पानी प्रदूषित गर्ने जोखिम रहेको छ। गाउँपालिकामा फोहोरमैला विसर्जनभन्दा पनि न्यूनीकरण, प्रशोधन, पुनःचक्रीय प्रयोग जस्ता विधिमा जोड दिएर फोहोरमैला विसर्जन शून्य गाउँपालिका बनाउनपर्छ भन्ने सोच विकास हुनु जरुरी छ।

### ६.२.३ सोच

फोहोरको वैज्ञानिक ब्यवस्थापन, गल्छीको अभियान"

### ६.२.४ लक्ष्य र उद्देश्य

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु।
२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु

### ६.२.५ रणनीति

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने।
२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने।
३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| ल्याण्डफिल्ड साइट | संख्या | १ | १ | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | १ | १ | २ | २ | २ |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७४ | ७८ | ८४ | ८८ | ९३ |
| स्रोतमानै फोहर वर्गीकरण, व्यवस्थापन गर्ने परिवार | प्रतिशत | ८० | ८० | ८५ | ८८ | ९१ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १६००० | ८००० | ८००० | ० | १००० | १५००० | ० | ० |
| २०८१/८२ | १६९७० | ८४८५ | ८४८५ | ० | १००० | १५९७० | ० | ० |
| २०८२/८३ | १७५१५ | ८७५८ | ८७५८ | ० | १००० | १६५१५ | ० | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहरमैला ब्यवस्थापनका लागि ल्याण्डफिल्ड साईट निर्माण आयोना तथा सालवसालि कार्यक्रम | वातावरणीय सरसफाई प्रवर्द्धन गर्नु खुलादिशा तथा दुर्गन्ध रहित समुदाय विस्तार गर्नु | ०८०/८१ देखि २०८२/८३ सम्म | ५०४८५ | वस्तीमा वातावरणीय सरसफाईमा सुधार आएको हुनेछ। |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुन सक्नेछ। फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय ब्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समिति रहेको छ र यसले खासगरी विपद्का समयमा सक्रिय रही कार्य गर्दै आएको छ। गाउँपालिकामा विपद् व्यवस्थापन कोषको पनि व्यवस्था रहेकाले स्थानीय समुदायले विपद्का समयमा तुलनात्मक रुपमा छिटो छरितो राहत प्राप्त गर्न थालेका छन्। भूकम्पपश्चात् निर्माण भएका सबैजसो निजी एवम् सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी भएको हुनाले तुलनात्मक रुपमा सुरक्षित भएका छन्। गाउँपालिकामा प्राथमिक उपचारका लागि न्यूनतम जनशक्ति रहेको छ। विपद् व्यवस्थापनमा गैर सरकारी संस्थाहरूको सहयोगमा पाँचवटा वडाको विपद् प्रतिकार्य योजना तयार भई स्वीकृतिको चरणमा रहेको छ। विपद् व्यवस्थापनमा गाउँपालिका र सुरक्षा निकायबीच समन्वय, सहकार्य हुने गरेको छ।

सञ्चिती वृद्धिमा पनि योगदान पुर्याएको छ। करिब ९० प्रतिशत घरधुरीमा सौर्य ऊर्जा र १५ प्रतिशत घरधुरीमा बायोग्याँस भएको अनुमान गरिएको छ। अधिकांश घरपरिवार मूलतः जीवन निर्वाहमुखी कृषिमा आश्रित हुनु, कृषिका अतिरिक्त पशुपालनलाई पनि सँगसँगै अघि बढाउनु र घरपरिवारका केही सदस्य रोजगारीमा संलग्न भई आयस्रोतमा विविधिकरण हुनु जलवायु जोखिमका दृष्टिकोणले यहाँको सबल पक्षका रुपमा रहेको छ। औद्योगिकीकरण न्यून रहेकाले गाउँपालिकाको कार्बन पदचाप (foot print) नगण्य रहेको छ। जलवायु परिवर्तन हुँदै गएको छ भन्ने जानकारी र महसुसीकरण बढ्दै गएको छ। कृषि बीमा तथा पशु बीमाको अभ्यास बढ्दै गएकाले यस्तो अभ्यासले खडेरी तथा अन्य जलवायु विपद्को जोखिम हस्तान्तरणमा (risk transfer) मा महत्वपूर्ण योगदान पुरयाउने अपेक्षा गरिएको छ। वन क्षेत्र बढ्दै जानु र पानीका मुहानहरू हरेक वर्ष संरक्षण गर्ने नियमित कार्यक्रमका रुपमा रहनुले यसले खानेपानी अभावको जोखिमलाई न्यूनीकरण गर्ने अनुमान गर्न सकिन्छ।

### ६.३.२ समस्या तथा चूनौति

वन डढेलो निरन्तरको समस्याका रुपमा रहिआएको छ भने पहिरो, बाढी, भूकम्प, आगलागी, चट्याङ, सुख्खा पहिरो, खडेरी, महामारी, हावाहुरी अन्य प्रमुख प्रकोपका रुपमा रहिआएका छन्। संस्थागत पूर्वसूचना प्रणालीको अभाव रहेको छ। नदी÷खोलाले वार्षिक सरदर २०० रोपनी जमिन कटान गर्ने गरेको छ। गैराखोप र राइवस्ती अमारेमा पहिरोले वस्ती जोखिममा पु¥याएको छ। गाउँपालिकामा कुल ३५ वटा पहिरो रहेका छन् भने करिब एक दर्जनजति नयाँ पहिरोहरू हरेक वर्ष थपिने गरेका छन्। विपद्बाट हुने वार्षिक कुल क्षति करिब पाँच करोड हुने अनुमान गरिएको छ। विपद् पूर्वतयारी तथा व्यवस्थापनसम्बन्धी ज्ञान, सीप भएका घरपरिवारको संख्या न्यून रहेको छ। गाउँपालिका तथा वडास्तरमा आपत्कालीन उद्दार सामग्रीको भण्डारण नरहेकाले उद्दार कार्यमा कठिनाइ हुने अवस्था रहेको छ।

बाढी पहिरो निरन्तर बढ्दै गएको अनुपातमा गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा अनुकूलन क्षमतामा वृद्धि भइरहेको छैन। बाढी पहिरोका अतिरिक्त खडेरी, हावाहुरी यहाँका जलवायुजन्य प्रमुख प्रकोपका रुपमा रहेका छन्। पानी पर्ने प्रवृत्ति निकै अनिश्चयपूर्ण हुँदै अतिवृद्धि, अनावृष्टि, खण्ड वृष्टि बढ्दै गएको हुँदा कृषि पेशामा समस्या चुनौती निकै बढेका छन्। गर्मी÷तापक्रम बढ्दै गएको हुँदा यसले जनजीवन, कृषिलगायत सामाजिक आर्थिक जीवनका पहलुहरूमा निकै प्रभाव पार्दै गएको छ। वर्षेनी नयाँ–नयाँ खालका कीटपतंगको प्रकोप बढ्दै गएको छ। पहिले नै उच्च र अव्यवस्थित रहेको कीटनाशक विषादीको प्रयोग कीटपतंगको प्रयोगसँगै अझै बढ्न जाने भएकाले यसको दीर्घकालीन असर व्यवस्थापन चुनौतीपूर्ण हुने देखिन्छ। जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा केही सीमित व्यक्तिहरूलाई सामान्य जानकारी भए पनि अनुकूलनका उपायहरू सम्बन्धमा सूचना र जानकारीको अभाव रहेको छ। स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन मूल प्रवाहीकरणको मुद्दा बन्नु पनि चुनौतीको विषयका रुपमा रहेको छ।

### ६.३.३ सोच

“विपद न्युनीकरण र व्यवस्थापनमा सवल र सक्षम गल्छी”

### ६.३.४ उद्देश्य

१. प्रभावकारी विपद् व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनीकरण गर्नु।

२. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु।
३. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

६.३.५ रणनीति

१. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने,
१. विपद् रोकथाम, पूर्वतयारी र दुरत प्रतिकार्य मार्फत् क्षति न्यूनीकरण गर्ने।
३. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सवलीकरण गर्ने र विपदबाट हुने क्षति घटाउने।

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | | | | | |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | | | | | |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | | | | | |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | | | | | |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | | | | | |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ६९ | ९० | ९५ | ९८ | १०० |

६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८३०० | ३३२० | ४९८० | ० | ८३०० | ० | ० | ० |
| २०८१/८२ | ८८०३ | ३५२१ | ५२८२ | ० | ८८०३ | ० | ० | ० |
| २०८२/८३ | ९०८६ | ३६३४ | ५४५२ | ० | ९०८६ | ० | ० | ० |

६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् पुर्वतयारी जोखिम न्यूनीकरण, उद्दार, राहत (कोष परिचालन) तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | २६१८९ | विपदबाट हुने क्षतिमा वार्षिक २० प्रतिशत कमी आउनेछ। |

६.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ । मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा

पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। वाढी र ढुवान लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, न्यायिक समितिको कारबाही किनार गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, गल्छी गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, सहकारी ऐन, आर्थिक तथा विनियोजन ऐन गरि ६ वटा विषयमा नीति तथा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन्। यसैगरी गाउँ कार्यपालिकाबाट स्थानीय तहको अधिकार सूची अनुसार गाउँपालिका (कार्यसम्पादन) नियमावली र गाउँपालिका (कार्यविभाजन) नियमावली गरि २ वटा नियमावली र २० वटा विषयमा कार्यविधि तयार भई अभ्यासमा रहेका छन्। संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति र विद्यायन समिति तथा कार्यपालिकाबाट योजना तर्जुमा र अन्य विषयगत समितिहरू गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन्। साथै नागरिक, लक्षित समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेबसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भैरहेको छ। समाजबाटै साना–साना विवादलाई सामाधान गर्नको लागि १६ जनालाई मेलमिलाप तालिम प्रदान गरिएको छ भने पालिकामा १ जना कानुनी सहजकर्ता राखिएको छ। विपन्नता अभिलेखिकरण क्रममा रहेछ भने लैङ्गिक हिंसामा परेका महिलाहरूको लागि राहत कोष सञ्चालन निर्देशिका बनइएको छ।

गाउँपालिकामा स्थानीय सञ्चित कोष स्थापना भई सुत्र (SuTRA) मा आधारमा वित्तीय कारोवार सञ्चालन भइरहेको छ। व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट "एप्स" हरू प्रयोग गरी सम्पादन गरी आएको छ। पालिकामा आर्थिक कारोवारका निमित्त वाणिज्य वैंकको स्थापना भएको छ। गाउँपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइ गर्न उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकृत लगाएतका संस्थागत प्रबन्धहरु समेत गरेको छ।

### ७.१.२ समस्या तथा चूनौति

नीति नियम, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शिताको कमी देखिन्छ। न्यायिक समिति तथा उपमितिहरूको नियमित बैठक नभएको देखिन्छ। क्षतिपूर्तिसहितको नागरिक वडापत्र छैन। सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएको छैन। नागरिक सहायता कक्ष व्यवस्थित छैन। स्थानिय संस्थाहरूको प्रोफाइल नभएको र प्रभावकारी रुपमा एप्स् सञ्चालन भएको छैन। बालमैत्री तथा वातावरण मैत्री नीति नभएको र अपाङ्ग भएका व्यक्तिलाई सिपका आधारमा रोजगारी दिन सकेको छ। विपन्नता अभिलेखिकरण वस्तुनिष्ठ नभएको साथै वास्तविक संरक्षण गर्नु पर्ने वर्ग पहिचान भएको छैन।

### ७.१.३ सोच

"मितव्ययी, पारदर्शी, प्रभावकारी सेवा, परिणाम उन्मुख नतिजा"

### ७.१.४ उद्देश्य

१. स्थानीय सेवा सुविधामा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्नु।
२. सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु।

### ७.१.५ रणनीति

१. विकास कार्य र सेवा प्रवाहलाई प्रभावकारी वनाउने,
२. विधि र प्रक्रियाको अवलम्वन गर्दै असल शासन कायम गर्ने,
३. प्रभावकारी वित्तीय व्यवस्थापन गर्ने।
४. न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | २८ | ३४ | ४२ | ४७ | ५४ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | ० | ० | १ | २ | ३ |
| १. नीति | विषय | ६ | ८ | ९ | १० | १० |
| २. ऐन | विषय | २ | २ | ४ | ५ | ६ |
| ३. नियम तथा विनियम | विषय | २० | २४ | २८ | ३० | ३५ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | ३ | ३ | ३ | ३ | ३ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | २८ | ३४ | ४२ | ४७ | ५४ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४६२ | १३८९ | ७३ | ० | १००० | ० | ४६२ | ० |
| २०८१/८२ | १५५१ | १४७३ | ७८ | ० | १०५६ | ० | ४९५ | ० |
| २०८२/८३ | १६०० | १५२० | ८० | ० | १०७५ | ० | ५२५ | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानुन शुसाशन तथा न्याय प्रवर्धन कार्यक्रम | स्थानीय शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | ४६१३ | नीति, कानून तथा कार्यविधि तर्जुमा तथा परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ। |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुने छ। विवादको वैकल्पिक समाधानको उपाएलाई नागरिकले रोजेर सेवा छरितो रुपमा प्राप्त गर्नेछन्। न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाको समृद्धिको लागि मानव शरीरको मष्तिष्क जस्तै नेतृत्व गर्ने क्षेत्रको रुपमा संस्थागत तथा मानव संसाधनलाई लिन सकिन्छ। सवै क्षेत्रहरूको समन्वय र कार्यहरूलाई प्रभावकारी बनाउने जिम्मेवारी रहेको यस क्षेत्र गल्छी गाउँपालिकाको स्पष्ट संगठन संरचना रहेको छ जसमा गाउँ सभा सवैभन्दा उच्च तह दोस्रोमा गाउँ कार्यपालिका, तेस्रो तह अध्यक्ष, चौथो तहमा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा ८ वडा कार्यालय, आर्थिक, महिला बालबालिका, पूर्वाधार, योजना, सामाजिक, प्रशासन शाखाहरू रहेको छ। संस्थागत योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा वृद्धि हुदै गैरहेको छ। गाउँपालिकाको वडा २ ३ ४ ५ ७ र ८ आफ्नै कार्यालय भवनबाट सेवा प्रदान गरिरहेको तथा पालिकाको मुख्य प्रशासनिक केन्द्र र वडा नं १ र ६ निर्माणको चरणमा रहेको छ। गाउँपालिकामा १ अस्पताल, ८ वटा स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र रहेको छ। गाउँपालिका कार्यालय र स्वास्थ्य संस्थामा ७३ दरबन्दी रहेको छ जसमा १०० जना कर्मचारी कार्यरत

रहेको छ भने कर्मचारी नियमित बैठक हुने गरेको छ। इन्टरनेट, राजमार्ग तथा बजार क्षेत्रमा सिसिटिभि जडान भएको र सवै वडा कार्यालयहरु तथा गाउँपालिका केन्द्र भवनमा व्याकअप जडान भएको छ।

७.२.२ समस्या तथा चूनौति

गल्छी गाउँपालिका देशको रणनीतिक स्थानमा अवस्थित र विकासको अथाह संभावना भएर पनि गाउँपालिकाको भौतिक विकास, सेवा सुविधाको अवस्था अपेक्षित रुपमा पछाडि रहेको छ। योजनाबद्ध व्यवस्थित तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन्। गाउँपालिकामा एकातिर संस्थागत क्षमता सुधार गर्ने क्षेत्रहरु प्रयाप्त रहेका छन्। कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास योजना निर्माण गर्नुपर्ने छ। संस्थागत संरचना, निर्णय प्रक्रिया, स्रोत परिचालन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति परम्परागत देखिन्छ। गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया तथा कार्यसम्पादन प्रक्रिया दण्ड र पुरस्कार आधारित छैन तथा वृत्ती विकासको व्यवस्था लागू हुन सकेको छैन।

७.२.३ सोच

“पारदर्शी, उत्तरदायी र सूचना प्रविधिमा आधाारित चुस्त शासन तथा सेवा प्रवाह”

७.२.४ उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु।

७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने,
२. गाउँकार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने,
३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने।

७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ९२ | ९५ | १०५ | ११२ | ११८ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १६ | १८ | २२ | २६ | ३० |
| गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ६० | ६० | ७० | ८५ | ९५ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ० | ० | ६० | ७५ | ९५ |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ५२.७५ | ६४.३६ | ७५ | ८५ | ९५ |

७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४२५२३ | १३९६७३ | २८५० | ० | १४२५२३ | ० | ० | ० |
| २०८१/८२ | १५११६४ | १४८१४१ | ३०२३ | ० | १५११६४ | ० | ० | ० |
| २०८२/८३ | १५६०२१ | १५२९०१ | ३१२० | ० | १५६०२१ | ० | ० | ० |

७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ४४९७०९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरुको सहकार्यमा स्थानीय नीति र कानून तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिबृद्धि गरी अपेक्षित नतिजा हासिल हुनेछ। स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

७.३.१ पृष्ठभूमि

गल्छी गाउँपालिकाको राजस्व अधिकार, संभाव्यता विश्लेषण र विद्यमान अवस्थाको आधारमा राजस्व सुधार कार्यक्रम तर्जुमा र सोको आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण सहित राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। गाउँपालिकामा राजस्व संकलनको लागि सफ्टवयेर जडान भएको छ भने वडा कार्यालयमा समेत सफ्टवयेरबाट बिलिङ जडान भएको छ। व्यवसाय दर्ता गरि व्यवसाय सञ्चालन भैरहेको छ। राजस्व संकलनको कार्यलाई पारदर्शि ई–विडिङ्ग मार्फत ठेक्का लगाउने काम गरिएको छ भने सो अनुसार आर्थिक वर्ष २०७७/७८ को आन्तरिक आय, राजस्व बाँडफाँट र अन्तरसरकारी वित्त हस्तान्तरणको औषत अनुपात क्रमशः १५, १४, ७१ प्रतिशत रहेको दखिन्छ। राजस्व सुधार कार्ययोजना तथा राजस्व परामर्श समितिको अध्ययन र शिफारिसका आधारमा कर तथा गैर कर निर्धारण गरी सो अनुसार विगत ३ बर्षमा आन्तरिक आयको मात्रामा उतार चढाव देखिन्छ। तर राजश्वको दर दायरा तथा प्राकृतिक श्रोतको नियन्त्रणका आधारमा आगामि तीन बर्षका लागि क्रमस ८ करोड, ९ करोड र १० करोड आन्तरिक राजश्व प्रक्षेपण गरिएको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोगमा क्रमशः बढ्दै गएको छ।

७.३.२ समस्या तथा चूनौति

गल्छी गाउँपालिकाको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण, राजस्व प्रशासन र स्रोत परिचालन सम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ। राजस्व तथा स्रोत परिचालन सम्बन्धी ऐन, कार्यविधि र कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, संकलन, अनुगमन र अभिलेख व्यवस्थित हुन सकेको छैन। जसको कारण गाउँपालिकाको विकास उपलब्धिका लागि मुख्य रुपमा संघीय र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ। सवैवडाहरूमा सफ्टवेयर जडानका नभएको राजस्व संकलनमा एकरुपता रहेको छैन। ठेक्का प्रक्रिया लामो र दररेट निर्धारण अगावै ठेक्का खोल्नुपर्ने बाध्यता रहेको छ।

७.३.३ सोच

"हाम्रो गाउँ, हाम्रो कर, समृद्ध बनाउने हाम्रो रहर"

७.३.४ उद्देश्य

१. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

७.३.५ रणनीति

१. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने,
२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र सङ्घीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने।

७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | २६ | ३१ | २७ | २५ | २६ |
| बार्षिक आन्तरिक आय रकम | रु.लाखमा | ३६६ | १२१८ | ३७९ | ८०० | ८९६ |
| कुल बार्षिक बजेट | रु.लाखमा | ७१४८ | ८७८९ | ७६५२ | ६८४२ | ७२५७ |
| बेरुजु रकम | करोड | २८ | ८ | २.५ | १.३ | ०.८ |

७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०० | १८० | २० | ० | २०० | ० | ० | ० |
| २०८१/८२ | २१२ | १९१ | २१ | ० | २१२ | ० | ० | ० |
| २०८२/८३ | २१९ | १९७ | २२ | ० | २१९ | ० | ० | ० |

७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र | सालबसाली | ६३१ | इ ट्याक्स सिस्टम लागु भई आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ। |

७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा प्रगतिशील करको दर तय गरी राजस्व संकनल बृद्धि गर्न सकिने। स्थानीय बासिन्दामा कर तथा शुल्क वाध्यकारी अवस्थामा बाहेक अरु बेला सालवसाली रुपमा मात्र तिर्ने वानी भएकोले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

७.४.१ पृष्ठभूमि

संघीय संरचना अनुसार बागमती प्रदेश धादिङ जिल्लाको पृथ्वी राजमार्गमा अवस्थित यस गाउँपालिकामा कृषि, उद्योग तथा पर्यटकीय केन्द्रको रुपमा रहेको छ भने गाउँपालिकामा प्राकृतिक स्रोत तथा जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरू उपलब्ध रहेका छन्। राजधानी सँग नजिक भएकाले तथा संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा स्थानीय सरकारबाट नागरिकहरूमा सेवा सुविधाको पहुँचमा वृद्धि भएको छ। गाउँपालिकामा योजना सफ्टवयेर जडान गरी योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक र परामर्शमा आधारित पद्धतिहरूको विकास तथा अनुशरण हुँदै गएको छ। योजनाको अनुगमन तथा मूल्यांकन योजना क्यालेन्डर अनुसार गर्ने गरेको र स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन तथा लैङ्गिक परीक्षणका आधारमा कार्ययोजना बनाई कार्यान्वयन भइरहेको छ। गाउँपालिकाको स्रोत साधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ।

गाउँसभाबाट न्यायिक समिति, विद्यान समिति, सुशासन समिति र कार्यपालिकाबाट राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन्। साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक भईरहेको छ।

७.४.२ समस्या तथा चूनौति

गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरू पर्यटन विकास, बस्ती तथा भौतिक विकास, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी विकास योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ। फलस्वरुप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी समयमा सम्पन्न गर्न सकिएको छैन।

संयन्त्रको विकास गरी सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। उपयुक्त संरचना, भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा निजी क्षेत्र र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन। उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरीवेक्षण, प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन। प्रचुर संभावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन।

७.४.३ सोच

"योजनाबद्ध, व्यवस्थित र प्रविधियुक्त गल्छी गाउँ"

७.४.४ उद्देश्य

१. तथ्यमा आधारित नतिजामूलक योजना तर्जुमा गर्नु।
२. योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु।

७.४.५ रणनीति

१. व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणाली स्थापना गर्ने,
२. जनसहभागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई सुदृढ गर्ने,
३. नतिजामुखी योजना प्रक्रिया अवलम्वन गर्ने,
४. नतिजामूलक अनुगमन तथा मूल्याङ्क प्रणाली अवलम्बन गर्ने।

७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | ४ | ५ | ७ | १० | १३ |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ७ | १० | १३ | १५ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७० | ७२ | ८० | ८५ | ९० |

७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १३७८ | ११०२ | २७६ | ० | १३७८ | ० | ० | ० |
| २०८१/८२ | १४६२ | ११६९ | २९२ | ० | १४६२ | ० | ० | ० |
| २०८२/८३ | १५०९ | १२०७ | ३०२ | ० | १५०९ | ० | ० | ० |

७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु, | सालबसाली | ४३४८ | आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जमा तथा अद्यावधिक हुने र सो बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ। |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय तहलाई प्रदेश, संघ तथा अन्य गैसस, समुदाय, सहकारी र निजी क्षेत्रको समेत समन्वय सहकार्यमा तथ्यांक व्यवस्थापन, दीर्घकालीन तथा अल्पकालीन योजना निर्माण र त्यसको उचित ब्यवस्थापन सम्बन्धी तालिम, अभिमुखिकरण तथा विज्ञता सहयोग प्राप्त हुन सक्नेछ। स्थानीय तहको कार्यक्षेत्र तथा काम कर्तब्य अधिकारका क्षेत्र असिमित भएकाले तथ्यांक व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना र नतिजामूलक विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई संस्थागत गर्न समय लाग्न सक्छ। निरन्तर नौलो अभ्यासहरु गर्दा त्रुटी हुने जोखिम रहन्छ।

## अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा | सदस्य |
| ३ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ४ | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ५ | प्रमुख, कर्मचारी प्रशासन शाखा | सदस्य |
| ७ | प्रमुख, कृषि शाखा, | सदस्य |
| ८ | प्रमुख, पशु सेवा शाखा | सदस्य |
| ९ | प्रमुख, पूर्वाधार विकास शाखा | सदस्य |
| १० | प्रमुख, वातावरण तथा विपद ब्यवस्थापन शाखा | सदस्य |
| ११ | प्रमुख, सूचना प्रविधि शाखा | सदस्य |
| १२ | प्रमुख, राजश्व शाखा | सदस्य |
| १३ | प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| १४ | प्रमुख, सामाजिक सुरक्षा पञ्जीकरण उपशाखा | सदस्य |
| १५ | प्रमुख, उद्योग शाखा | सदस्य |
| १६ | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### पृष्ठभूमि

नेपालमा संङ्घीय शासन व्यवस्थाको अभ्याससँगै स्थानीय सरकार संचालनका लागि संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन् । जसबाट स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तिब्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ । स्थानीय सरकाले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी बनाउँदै लगेका छन् ।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्र तयार गर्नु जरुरी देखिन्छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाढी बढाउनु आवश्यक छ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ । स्थानीय सरकारले विकास प्रकृयालाई निदृष्ट गन्तब्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्नसरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक हुन्छ । दीर्घकालीन, आवधिक तथा विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्वेश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहना सम्बोधन गर्ने गर्नुपर्दछ । योजनाले उपलब्ध हुने सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेट बीचको खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ ।

कानूनी रूपमा हेर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक बर्षको असार १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्र्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिलाई केन्द्र विन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति, पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रकृया बमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ ।

### कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

गल्छी गाउँपालिकाको चालु आर्थिक बर्ष २०७८/७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम कोभिड १९ को अवरोध एवम् विश्वव्यापी रूपमा देखापरेको अस्वभाविक मूल्यवृद्धिका बावजुद प्रदेश तथा संङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्य अनुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ । आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक बर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धी समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत रूपमा नभएमा उपक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नेछ ।

### योजना तथा बजेट तर्जुमाका आधारहरू

नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो। संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो। तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिकाका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ। मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछ :

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली ।

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सावर्जनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सान्र्दभिक बुँदाहरू

१०. गाउँपालिकाको आवधिक योजना, दीर्घकालीन नीति तथा कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

### बजेट सीमा

बजेट वर्ष आ.व. २०८०/८१ समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको छ, जुन देहायअनुसार रहेको छ

| क्रस | विषयक्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | **आर्थिक विकास** | २०८०/८१ | ६२२०० | २९८७४ | ३२३२७ | ० | १७३८० | ४३३२० | १५०० | ० |
| | | २०८१/८२ | ६५९७१ | ३१६८५ | ३४२८७ | ० | १८१२६ | ४६२९५ | १५५० | ० |
| | | २०८२/८३ | ६८०९१ | ३२७०३ | ३५३८८ | ० | १८३११ | ४८१८० | १६०० | ० |
| क | | २०८०/८१ | १२५५० | ८१५८ | ४३९३ | ० | ८४५० | २६०० | १५०० | ० |

| क्रस | विषयक्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | कृषि खाद्य सुरक्षा तथा सिचाई | २०८१/८२ | १३३११ | ८६५२ | ४६५९ | ० | ८५८० | ३१८१ | १५५० | ० |
| | | २०८२/८३ | १३७३९ | ८९३० | ४८०९ | ० | ८६६० | ३४७९ | १६०० | ० |
| ख | पशु सेवा | २०८०/८१ | ६०५० | ४८४० | १२१० | ० | ४४५० | १६०० | ० | ० |
| | | २०८१/८२ | ६४१७ | ५१३३ | १२८३ | ० | ४६६७ | १७५० | ० | ० |
| | | २०८२/८३ | ६६२३ | ५२९८ | १३२५ | ० | ४७५३ | १८७० | ० | ० |
| ग | उद्योग ब्यापार ब्यवसाय | २०८०/८१ | ४७५० | ३३२५ | १४२५ | ० | ३४५० | १३०० | ० | ० |
| | | २०८१/८२ | ५०३८ | ३५२७ | १५११ | ० | ३५८८ | १४५० | ० | ० |
| | | २०८२/८३ | ५२०० | ३६४० | १५६० | ० | ३५७० | १६३० | ० | ० |
| घ | पर्यटन तथा संस्कृति | २०८०/८१ | ३०००० | ९००० | २१००० | ० | ० | ३०००० | ० | ० |
| | | २०८१/८२ | ३१८१९ | ९५४६ | २२२७३ | ० | ० | ३१८१९ | ० | ० |
| | | २०८२/८३ | ३२८४१ | ९८५२ | २२९८९ | ० | ० | ३२८४१ | ० | ० |
| ङ | भूमि ब्यवस्था सहकारी तथा वित्तिय व्यवस्था | २०८०/८१ | ४२० | ३३६ | ८४ | ० | ० | ४२० | ० | ० |
| | | २०८१/८२ | ४४५ | ३५६ | ८९ | ० | ० | ४४५ | ० | ० |
| | | २०८२/८३ | ४६० | ३६८ | ९२ | ० | ० | ४६० | ० | ० |
| च | श्रम रोजगारी र गरिवि निवारण | २०८०/८१ | ८४३० | ४२१५ | ४२१५ | ० | १०३० | ७४०० | ० | ० |
| | | २०८१/८२ | ८९४१ | ४४७१ | ४४७१ | ० | १२९१ | ७६५० | ० | ० |
| | | २०८२/८३ | ९२२८ | ४६१४ | ४६१४ | ० | १३२८ | ७९०० | ० | ० |
| **२** | **सामाजिक विकास** | **२०८०/८१** | **२७०४०३** | **२१९५५७** | **५०८४६** | **०** | **७११७५** | **१९१५०४** | **७७२४** | **०** |
| | | **२०८१/८२** | **२८६७९८** | **२३२८६९** | **५३९२९** | **०** | **७४४५४** | **२०४४६४** | **७८८०** | **०** |
| | | **२०८२/८३** | **२९६०१२** | **२४०३५१** | **५५६६२** | **०** | **७९७८४** | **२०८०५३** | **८१७५** | **०** |
| क | शिक्षा कला भाषा तथा साहित्य | २०८०/८१ | १८५८२८ | १५७९५४ | २७८७४ | ० | ३५८६० | १४९४०० | ५६८ | ० |
| | | २०८१/८२ | १९७०९५ | १६७५३१ | २९५६४ | ० | ३८५२० | १५७९७५ | ६०० | ० |
| | | २०८२/८३ | २०३४२७ | १७२९१३ | ३०५१४ | ० | ४१३५० | १६१४२७ | ६५० | ० |
| ख | स्वास्थ्य तथा पोषण | २०८०/८१ | ६०८९० | ५१७५७ | ९१३४ | ० | ३४४२२ | २४४८४ | १९८४ | ० |
| | | २०८१/८२ | ६४५८२ | ५४८९५ | ९६८७ | ० | ३५००० | २७५८२ | २००० | ० |
| | | २०८२/८३ | ६६६५७ | ५६६५८ | ९९९९ | ० | ३७५०० | २७०३२ | २१२५ | ० |
| ग | खानेपानी तथा सरसफाई | २०८०/८१ | १६००० | ३२०० | १२८०० | ० | ० | ११५०० | ४५०० | ० |
| | | २०८१/८२ | १६९७० | ३३९४ | १३५७६ | ० | ० | १२३९५ | ४५७५ | ० |
| | | २०८२/८३ | १७५१५ | ३५०३ | १४०१२ | ० | ० | १२८६५ | ४६५० | ० |
| घ | महिला बालबालिका सामाजिक समावेशीकरण | २०८०/८१ | ६०९२ | ५१७८ | ९१४ | ० | ० | ५४२० | ६७२ | ० |
| | | २०८१/८२ | ६४६१ | ५४९२ | ९६९ | ० | ० | ५७५६ | ७०५ | ० |
| | | २०८२/८३ | ६६६९ | ५६६९ | १००० | ० | ० | ५९१९ | ७५० | ० |
| ङ | यूवा खेलकुद तथा नवप्रवर्तन | २०८०/८१ | १०० | ५० | ५० | ० | ० | १०० | ० | ० |
| | | २०८१/८२ | १०६ | ५३ | ५३ | ० | ० | १०६ | ० | ० |
| | | २०८२/८३ | १०९ | ५५ | ५५ | ० | ० | १०९ | ० | ० |
| च | सामाजिक सुरक्षा पञ्जिकरण | २०८०/८१ | १४९३ | १४१८ | ७५ | ० | ८९३ | ६०० | ० | ० |
| | | २०८१/८२ | १५८४ | १५०४ | ७९ | ० | ९३४ | ६५० | ० | ० |
| | | २०८२/८३ | १६३४ | १५५३ | ८२ | ० | ९३४ | ७०० | ० | ० |

| क्रस | विषयक्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **३** | **पूर्वाधार विकास क्षेत्र** | **२०८०/८१** | **१८०७७१** | **७६८९** | **१७३०८२** | **०** | **२७६०७** | **११०६७६** | **४२४८८** | **०** |
| | | **२०८१/८२** | **१९१७३२** | **८१५५** | **१८३५७७** | **०** | **२१४०३** | **१२८४७१** | **४१८५८** | **०** |
| | | **२०८२/८३** | **१९७८९२** | **८४१७** | **१८९४७५** | **०** | **१८२५९** | **१३४४६१** | **४५१७२** | **०** |
| क | बस्ती विकास, आवास तथा भवन | २०८०/८१ | ७७०७१ | ३८५४ | ७३२१७ | ० | ० | ५२०७१ | २५००० | ० |
| | | २०८१/८२ | ८१७४४ | ४०८७ | ७७६५७ | ० | ० | ५७८६६ | २३८७८ | ० |
| | | २०८२/८३ | ८४३७० | ४२१९ | ८०१५२ | ० | ० | ५७९४८ | २६४२२ | ० |
| ख | सडक तथा यातायात | २०८०/८१ | ९७००० | २९१० | ९४०९० | ० | २१७०७ | ५७८०५ | १७४८८ | ० |
| | | २०८१/८२ | १०२८८१ | ३०८६ | ९९७९५ | ० | १५१४५ | ६९७५६ | १७९८० | ० |
| | | २०८२/८३ | १०६१८७ | ३१८६ | १०३००१ | ० | ११८०० | ७५६३७ | १८७५० | ० |
| ग | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८०/८१ | ८०० | ४० | ७६० | ० | ० | ८०० | ० | ० |
| | | २०८१/८२ | ८४९ | ४२ | ८०६ | ० | ० | ८४९ | ० | ० |
| | | २०८२/८३ | ८७६ | ४४ | ८३२ | ० | ० | ८७६ | ० | ० |
| घ | सूचना, सञ्चार तथा प्रविधि | २०८०/८१ | ५९०० | ८८५ | ५०१५ | ० | ५९०० | ० | ० | ० |
| | | २०८१/८२ | ६२५८ | ९३९ | ५३१९ | ० | ६२५८ | ० | ० | ० |
| | | २०८२/८३ | ६४५९ | ९६९ | ५४९० | ० | ६४५९ | ० | ० | ० |
| **४** | **वन तथा वातावरण क्षेत्र** | **२०८०/८१** | **२५३००** | **११४२०** | **१३८८०** | **०** | **१०३००** | **१५०००** | **०** | **०** |
| | | **२०८१/८२** | **२६८३४** | **१२११२** | **१४७२२** | **०** | **१०८६४** | **१५९७०** | **०** | **०** |
| | | **२०८२/८३** | **२७६९६** | **१२५०२** | **१५१९५** | **०** | **१११८१** | **१६५१५** | **०** | **०** |
| क | वन, भूसंरक्षण र जैविक विविधता | २०८०/८१ | १००० | १०० | ९०० | ० | १००० | ० | ० | ० |
| | | २०८१/८२ | १०६१ | १०६ | ९५५ | ० | १०६१ | ० | ० | ० |
| | | २०८२/८३ | १०९५ | १०९ | ९८५ | ० | १०९५ | ० | ० | ० |
| ख | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०८०/८१ | १६००० | ८००० | ८००० | ० | १००० | १५००० | ० | ० |
| | | २०८१/८२ | १६९७० | ८४८५ | ८४८५ | ० | १००० | १५९७० | ० | ० |
| | | २०८२/८३ | १७५१५ | ८७५८ | ८७५८ | ० | १००० | १६५१५ | ० | ० |
| ग | विपद जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलता | २०८०/८१ | ८३०० | ३३२० | ४९८० | ० | ८३०० | ० | ० | ० |
| | | २०८१/८२ | ८८०३ | ३५२१ | ५२८२ | ० | ८८०३ | ० | ० | ० |
| | | २०८२/८३ | ९०८६ | ३६३४ | ५४५२ | ० | ९०८६ | ० | ० | ० |
| **५** | **संस्थागत विकास क्षेत्र** | **२०८०/८१** | **१४५५६३** | **१४२३४४** | **३२१९** | **०** | **१४५१०१** | **०** | **४६२** | **०** |
| | | **२०८१/८२** | **१५४३८९** | **१५०९७४** | **३४१४** | **०** | **१५३८९४** | **०** | **४९५** | **०** |
| | | **२०८२/८३** | **१५९३४९** | **१५५८२५** | **३५२४** | **०** | **१५८८२४** | **०** | **५२५** | **०** |
| क | नीति, कानून, न्याय तथा सुशासन | २०८०/८१ | १४६२ | १३८९ | ७३ | ० | १००० | ० | ४६२ | ० |
| | | २०८१/८२ | १५५१ | १४७३ | ७८ | ० | १०५६ | ० | ४९५ | ० |
| | | २०८२/८३ | १६०० | १५२० | ८० | ० | १०७५ | ० | ५२५ | ० |
| ख | संगठन, मानव संशाधन र क्षमता विकास | २०८०/८१ | १४२५२३ | १३९६७३ | २८५० | ० | १४२५२३ | ० | ० | ० |
| | | २०८१/८२ | १५११६४ | १४८१४१ | ३०२३ | ० | १५११६४ | ० | ० | ० |
| | | २०८२/८३ | १५६०२१ | १५२९०१ | ३१२० | ० | १५६०२१ | ० | ० | ० |
| ग | राजस्व तथा श्रोत परिचालन | २०८०/८१ | २०० | १८० | २० | ० | २०० | ० | ० | ० |
| | | २०८१/८२ | २१२ | १९१ | २१ | ० | २१२ | ० | ० | ० |

| क्रस | विषयक्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सिमा रु हजारमा | | | | बजेटको श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक श्रोत तथा राजश्व बाँडफाड | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | | २०८२/८३ | २१९ | १९७ | २२ | ० | २१९ | ० | ० | ० |
| घ | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८०/८१ | १३७८ | ११०२ | २७६ | ० | १३७८ | ० | ० | ० |
| | | २०८१/८२ | १४६२ | ११६९ | २९२ | ० | १४६२ | ० | ० | ० |
| | | २०८२/८३ | १५०९ | १२०७ | ३०२ | ० | १५०९ | ० | ० | ० |
| | **जम्मा** | २०८०/८१ | ६८४२३७ | ४१०८८३ | २७३३५४ | ० | २७१५६३ | ३६०५०० | ५२१७४ | ० |
| | | २०८१/८२ | ७२५७२४ | ४३५७९५ | २८९९२८ | ० | २७८७४१ | ३९५२०० | ५१७८३ | ० |
| | | २०८२/८३ | ७४९०४० | ४४९७९७ | २९९२४३ | ० | २८६३५९ | ४०७२०९ | ५५४७२ | ० |

**बजेट तर्जुमा मार्गदर्शन**

आगामी आर्थिक वर्ष २०८०/८१ र त्यसपछिका थप दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही गाउँपालिकाको आवधिक योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ।

३. गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति कार्यक्रम, विषयक्षेत्र रणनीतिक गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

४. चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ।

६. गाउँपालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन् लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्‍याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ।

१२. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१४. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंङ्गिक समानता र सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ। महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रोइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ। यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक बर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरीसहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्र अनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैसससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

२१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ।

२२. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल) स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन, कार्यसम्पादन मूल्यांकन, लैससास परीक्षण लगायत ले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ।

आज्ञाले,
लक्ष्मण कुईकेल
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३ :  तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| १ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ५०० | ३२५ | १७५ | ५०० | ३२५ | १७५ | ५०० | ३२५ | १७५ | 1 | P1 | SDG2 | तटस्थ | सान्दर्भिक |
| २ | कृषि ब्यवाय विकास कार्यक्रम | ७५०० | ४८७५ | २६२५ | ७५०० | ४८७५ | २६२५ | ७५०० | ४८७५ | २६२५ | 1 | P1 | SDG2 | तटस्थ | सान्दर्भिक |
| ३ | कृषि उपज वजार प्रवर्द्धन, सिचाई मर्मत सम्भार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | ४५५० | २९५८ | १५९३ | ५३११ | ३४५२ | १८५९ | ५७३९ | ३७३० | २००९ | 1 | P1 | SDG2 | तटस्थ | सान्दर्भिक |
| ४ | पशुपक्षी प्रसार र प्रविधि हस्तान्तरण कार्यक्रम | ३००० | २४०० | ६०० | ३००० | २४०० | ६०० | ३००० | २४०० | ६०० | 1 | P1 | SDG1 | तटस्थ | सान्दर्भिक |
| ५ | बगुर प्रवर्द्धन कार्यक्रम | १५०० | १२०० | ३०० | १५०० | १२०० | ३०० | १५०० | १२०० | ३०० | 1 | P1 | SDG12 | तटस्थ | सान्दर्भिक |
| ६ | पशुपक्षी उपज बजार प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | १५५० | १२४० | ३१० | १९१७ | १५३४ | ३८३ | २१२३ | १६९८ | ४२५ | 1 | P1 | SDG1 | तटस्थ | सान्दर्भिक |
| ७ | लघु उद्यम विकास कार्यक्रम | १३०० | ९१० | ३९० | १४०० | ९८० | ४२० | १५०० | १०५० | ४५० | 3 | P1 | SDG8 | तटस्थ | सान्दर्भिक |
| ८ | लघु, घरेलु तथा साना उद्योग तथा बजार प्रवर्द्धन सालवसाली कार्यक्रम | ३४५० | २४१५ | १०३५ | ३६३८ | २५४७ | १०९१ | ३७०० | २५९० | १११० | 3 | P1 | SDG8 | सहयोगी | सान्दर्भिक |
| ९ | गुप्तेश्वरी पर्यटन प्रवर्द्धन कार्यक्रम | ३०००० | ९००० | २१००० | ३०००० | ९००० | २१००० | ३०००० | ९००० | २१००० | 2 | P2 | SDG8 | तटस्थ | सान्दर्भिक |
| १० | पर्यटन तथा संस्कृति प्रवर्द्धन तथा अन्य सालबसाली कार्यक्रम | ० | ० | ० | १८१९ | ५४६ | १२७३ | २८४१ | ८५२ | १९८९ | 2 | P1 | SDG8 | तटस्थ | सान्दर्भिक |
| ११ | वित्तिय संस्था तथा सहकारी प्रवर्द्धन तथा अन्य सालवसाली कार्यक्रम | ४२० | ३३६ | ८४ | ४४५ | ३५६ | ८९ | ४६० | ३६८ | ९२ | 3 | P2 | SDG8 | सहयोगी | तटस्थ |
| १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७४०० | ३७०० | ३७०० | ७६०० | ३८०० | ३८०० | ८००० | ४००० | ४००० | 3 | P1 | SDG1 | सहयोगी | तटस्थ |
| १३ | रोजगार प्रवर्द्धन सालवसाली कार्यक्रम | १०३० | ५१५ | ५१५ | १३४१ | ६७१ | ६७१ | १२२८ | ६१४ | ६१४ | 3 | P1 | SDG1 | सहयोगी | तटस्थ |
| १४ | विद्यालय शिक्षा कार्यक्रम | १२०००० | १०२०००० | १८००० | १३०००० | ११०५०० | १९५०० | १४०००० | ११९००० | २१००० | 4 | P2 | SDG4 | सहयोगी | तटस्थ |
| १५ | नमूना तथा विशेष विद्यालय पुर्वाधार कार्यक्रम | १०००० | ८५०० | १५०० | १०००० | ८५०० | १५०० | १०००० | ८५०० | १५०० | 4 | P2 | SDG4 | तटस्थ | तटस्थ |
| १६ | कला तथा संस्कृति संरक्षण तथा शैक्षिक प्रवर्धन कार्यक्रम | ५५८२८ | ४७४५४ | ८३७४ | ५७०९५ | ४८५३१ | ८५६४ | ५३४२७ | ४५४१३ | ८०१४ | 4 | P2 | SDG4 | सहयोगी | तटस्थ |
| १७ | आधारभूत स्वास्थ्य सेवा प्रवाह | २०००० | १७००० | ३००० | २०००० | १७००० | ३००० | २०००० | १७००० | ३००० | 5 | P2 | SDG3 | सहयोगी | तटस्थ |
| १८ | स्वास्थ्य क्षेत्र सुशासन कार्यक्रम | १५०० | १२७५ | २२५ | १५०० | १२७५ | २२५ | १५०० | १२७५ | २२५ | 5 | P2 | SDG3 | सहयोगी | तटस्थ |
| १९ | आयुर्वेद सेवा कार्यक्रम | ६०० | ५१० | ९० | ७०० | ५९५ | १०५ | ८०० | ६८० | १२० | 5 | P2 | SDG3 | सहयोगी | तटस्थ |
| २० | खोप सेवा र CBIMNCI कार्यक्रम तथा अन्य सालवसाली कार्यक्रम | ३८७९० | ३२९७२ | ५८१९ | ४२३८२ | ३६०२५ | ६३५७ | ४४३५७ | ३७७०३ | ६६५४ | 5 | P2 | SDG3 | तटस्थ | तटस्थ |
| २१ | छहरा सिरवानी कार्कीडाडाँ अदुवाबारी खानेपानी | ११५०० | २३०० | ९२०० | ० | ० | ० | ० | ० | ० | 7 | P1 | SDG6 | सहयोगी | सान्दर्भिक |
| २२ | खानेपानी सरसफाइ कार्यक्रम तथा  पानी परीक्षण सालबसाली कार्यक्रम | ४५०० | ९०० | ३६०० | १६९७० | ३३९४ | १३५७६ | १७५१५ | ३५०३ | १४०१२ | 7 | P1 | SDG6 | सहयोगी | सान्दर्भिक |

| क्रस | कार्यक्रम आयोजना | आगामी पहिलो आ व २०८/०८१ को विनियोजन | | | आगामि दोश्रो आ व २०८१/८२ को प्रक्षेपण | | | आगामि तेश्रो आ व २०८२/८३ को प्रक्षेपण | | | सांकेतिकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य | लैंगिक संकेत | जलवायु संकेत |
| २३ | महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम | ६०९२ | ५१७८ | ९१४ | ६४६१ | ५४९२ | ९६९ | ६६६९ | ५६६९ | १००० | 6 | P1 | SDG5 | निर्दिष्ट | तटस्थ |
| २४ | राष्ट्रपति रनिङ्ग शिल्ड तथा एक वडा एक खेलकुद कार्यक्रम लगायत खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | १०० | ५० | ५० | १०६ | ५३ | ५३ | १०९ | ५५ | ५५ | 6 | P2 | SDG10 | तटस्थ | तटस्थ |
| २५ | सामाजिक सुरक्षा सेवा केन्द्र सञ्चालन | १४९३ | १४१८ | ७५ | १५८४ | १५०५ | ७९ | १६३४ | १५५२ | ८२ | 6 | P2 | SDG8 | सहयोगी | तटस्थ |
| २६ | प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन आयोजना | ३०००० | १५०० | २८५०० | २०००० | १००० | १९००० | १०००० | ५०० | ९५०० | 7 | P2 | SDG11 | तटस्थ | तटस्थ |
| २७ | सार्वजनिक निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम | ४७०७१ | २३५४ | ४४७१७ | ६१७४४ | ३०८७ | ५८६५७ | ७४३७० | ३७१९ | ७०६५२ | 7 | P2 | SDG11 | तटस्थ | तटस्थ |
| २८ | वडा स्तरीय गौरवका सडक आयोजना | ४०००० | १२०० | ३८८०० | ४०००० | १२०० | ३८८०० | ४०००० | १२०० | ३८८०० | 7 | P2 | SDG9 | तटस्थ | तटस्थ |
| २९ | ठाडे बान्द्रे रोपाङ खोला विर्तिडाँडा सडक स्तरोन्नति | २०००० | ६०० | १९४०० | ० | ० | ० | ० | ० | ० | 7 | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ३० | झोलुङ्गे पुल निर्माण आयोजना | १५०० | ४५ | १४५५ | ० | ० | ० | ० | ० | ० | 7 | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ३१ | सडक पुल निर्माण मर्मत सम्भार तथा अन्य सालबसाली कार्यक्रम | ३५५०० | १०६५ | ३४४३५ | ६२८८१ | १८८६ | ६०९९५ | ६६१८७ | १९८६ | ६४२०१ | 7 | P2 | SDG9 | तटस्थ | तटस्थ |
| ३२ | नविकरणिय उर्जा प्रविधि तथा विद्युतिय चुलो सुधारिएको चुलो लगायत वैकल्पिक तथा स्वच्छ उर्जा प्रवर्द्धन सालवसाली कार्यक्रम | ८०० | ४० | ७६० | ८४९ | ४२ | ८०७ | ८७६ | ४४ | ८३२ | 7 | P2 | SDG7 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ३३ | सूचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्रि शासन प्रवद्र्धन सालवसाली कार्यक्रम | ५९०० | ८८५ | ५०१५ | ६२५८ | ९३९ | ५३१९ | ६४५९ | ९६९ | ५४९० | 7 | P2 | SDG16 | तटस्थ | सान्दर्भिक |
| ३४ | वन तथा हरियाली प्रवर्द्धन, नदि नियन्त्रणका लागि उपभोक्ता समिति परिचालन तथा सालबसाली कार्यक्रम | १००० | १०० | ९०० | १०६१ | १०६ | ९५५ | १०९५ | ११० | ९८६ | 8 | P2 | SDG15 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ३५ | फोहरमैला ब्यवस्थापनका लागि ल्याण्डफिल्ड साईट निर्माण आयोना तथा सालवसालि कार्यक्रम | १६००० | ८००० | ८००० | १६९७० | ८४८५ | ८४८५ | १७५१५ | ८७५८ | ८७५८ | 8 | P2 | SDG13 | तटस्थ | अत्यन्त सान्दर्भिक |
| ३६ | विपद् पुर्वतयारी जोखिम न्यूनीकरण, उद्धार, राहत (कोष परिचालन) तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | ८३०० | ३३२० | ४९८० | ८८०३ | ३५२१ | ५२८२ | ९०८६ | ३६३४ | ५४५२ | 9 | P2 | SDG13 | तटस्थ | सान्दर्भिक |
| ३७ | नीति कानुन शुसाशन तथा न्याय प्रवर्धन कार्यक्रम | १४६२ | १३८९ | ७३ | १५५१ | १४७३ | ७८ | १६०० | १५२० | ८० | 10 | P2 | SDG16 | तटस्थ | सान्दर्भिक |
| ३८ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | १४२५२३ | १३९६७३ | २८५० | १५११६४ | १४८१४ १ | ३०२३ | १५६०२१ | १५२९०१ | ३१२० | 10 | P2 | SDG17 | तटस्थ | तटस्थ |
| ३९ | राजस्व सुचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | २०० | १८० | २० | २१२ | १९१ | २१ | २१९ | १९७ | २२ | 10 | P2 | SDG17 | तटस्थ | तटस्थ |
| ४० | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | १३७८ | ११०२ | २७६ | १४६२ | ११७० | २९२ | १५०९ | १२०७ | ३०२ | 10 | P2 | SDG16 | तटस्थ | तटस्थ |
| | **जम्मा** | **६८४२३७** | **४१०८८३** | **२७३३५४** | **७२५७२४** | **४३५७९५** | **२८९९२९** | **७४९०३९** | **४४९७९६** | **२९९२४३** | | | | | |

## अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा कार्यक्रमका तस्वीरहरु